# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २१ गते २०३१ साल


श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना

माननीय अर्थ राज्यमन्त्री श्री भेषबहादुर थापाले २०३१ साल आषाढ २१ गते रोज ६ का दिन दिनु भएको २०३१।३२ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यक्ष महोदय,

राष्ट्रिय अर्थ व्यवस्थाको विभिन्न पक्षको अध्ययन गर्ने र योगदान गर्ने मौका विगत धेरै वर्षदेखि पाएको हुँ तापनि आज देशको सर्वोच्च विधायिकाको सदस्य भई यो पदबाट मुलुकको आय-व्ययको विवरण प्रस्तुत गर्ने सौभाग्य पहिलो पटक पाएकोमा म आफूलाई गौरवान्वित ठान्दछु । श्री ५ महाराजाधिराज सरकारको असीम निगाहबाट आज राष्ट्रको सेवा गर्ने महान् अवसर र उत्तरदायित्व पाएको छु जसको लागि म सबभन्दा पहिले मौसूफप्रति भक्तिपूर्वक आफ्नो आभार व्यक्त गर्न चाहन्छु । विगत केही दिनमा शाही सम्बोधन माथिको छलफलको सिलसिलामा माननीय सदस्य साथीहरूबाट मैले धेरै सुन्ने र सिक्ने मौका पाएँ । नवागन्तुक साथीको रूपमा मलाई माननीय सदस्यहरूले जुन भ्रातृत्व र स्नेह देखाउनु भयो त्यसको लागि म कृतज्ञ छु । बजेट तर्जुमा गर्ने बखतमा माननीय सदस्यहरूले शाही सम्बोधनको प्रसंगमा व्यक्त गर्नु



प्रामाणिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको विभिन्न आर्थिक पक्षका विचारधाराहरू सुन्न पाउनु मेरो लागि धेरै लाभदायी भएको छ। देशको विभिन्न भागबाट आउनु भएका र जनभावना अध्ययन गरेर प्रकट गर्नु भएका विचारधाराहरूमा मैले धेरै सकारात्मक सुझावहरू पाएँ जसको बजेटमा सदुपयोग गर्ने मैले प्रयास गरेको छु। अतः शुरूमा नै म माननीय अध्यक्ष मार्फत सबै माननीय सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु।

आर्थिक दृष्टिकोणबाट आज देश एउटा अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको छ। हाम्रो अगाडि देखा परेका समस्याहरू त्यत्ति सरल छैनन्। आज महंगी र अभावको कारण समाजको केही वर्गहरूले उपभोगको स्तर घटाउन पर्ने अवस्था छ भने त्योभन्दा ठूलो संकट आजको राष्ट्रिय र अन्तर्राष्ट्रिय दुबै कारणबाट उठेको समस्याहरूले विकासको गतिमा ल्याउन सक्ने अवरोध हो जसलाई हटाउनु हाम्रो अगाडि सबभन्दा ठूलो चुनौती हुन आएको छ। एकतर्फ विभिन्न सामानहरूको अभाव छ भने अर्कोतर्फ विदेशी मुद्राको आधिक्य छ। राष्ट्रिय स्तरमा कृषि पैदावार हामी निर्यात गर्दछौं भने समय समयमा हामीले आन्तरिक बजारमा अभाव पनि व्यहोर्नु परेको छ। विदेशी मुलुकहरूसंगको भुक्तानी व्यवस्थामा सुधार हुँदै गएको छ तापनि विश्वव्यापी अभावको कारण हातमा साधन लिएर पनि आवश्यक सामग्रीहरूको अभाव सहनु परेको छ। विश्वव्यापी खाद्यान्नको अभाव र खास गरी छिमेकी राष्ट्रमा भएको खाद्य समस्या र परम्परादेखि रहेको अनियमित बजारको कारण बाहिरी समस्याहरूको चापबाट हामी पनि वञ्चित रहन सकेका छैनौं। अन्तर्राष्ट्रिय इन्धन संकटको कारण हामी आफ्नै मुलुकभित्र पर्याप्त भएको सामानहरूबाट पनि समयमै अभाव पूर्ति गर्ने काममा अडचन अनुभव गरिरहेका छौं।

आजका समस्याहरूको आन्तरिक र वाह्य दुबै कारणहरू छन्। आन्तरिक कारणहरूमध्ये मागको अनुपातमा उत्पादन वृद्धि नहुनु, खास गरेर मौसमको कारण विगत २ वर्ष कृषि उब्जनीमा ह्रास आउनु, घाटा बजेट र मौद्रिक व्यवस्थाको कारण मुद्रा प्रदाय बढ्नु, आन्तरिक बजार संगठित नहुनु र इन्धनको कमीले समय समयमा यातायातको कठिनाइ परी आपूर्तिको ढिलाइ हुनु आदि छन्। यसका वाह्य कारणहरू पनि छन् जसमध्ये अन्तर्राष्ट्रिय मुद्रा संकट, निर्माण सामग्रीको विश्वव्यापी अभाव, इन्धन संकट र मुख्यतः परम्परादेखि खुला व्यापार रहेको मित्रराष्ट्र भारतको कृषि उब्जनीमा कमीको कारणबाट खाद्यान्नको भाउमा हुन गएको वृद्धि आदि छन्। विगत समयमा पनि यी समस्याहरूका कुनै न कुनै पक्षले हामीहरूलाई कुनै न कुनै समयमा नसताएको हैन तर आज प्रायः सबै समस्याहरू एकै पटक बैरिन आएको हुनाले अर्थ व्यवस्थाको सञ्चालनमा ठूलो कठिनाइ आएको छ।

हाम्रो आर्थिक समस्याहरूबारे उल्लेख गर्नु अगाडि म देशको उत्पादन स्थितिबारे केही जानकारी दिन चाहन्छु। विगत केही वर्षहरूमा हाम्रो राष्ट्रिय आयको मुख्य स्रोत खाद्यान्नको उत्पादनमा ह्रास आइरहेकोमा यो वर्ष १२.२६ प्रतिशत वृद्धि भएको उत्साहवर्धक छ। नगदी बालीतर्फ उखु उत्पादन बाहेक अरू वस्तुहरूको उत्पादनमा वृद्धि भएको छ। सुर्ती उत्पादनमा उल्लेखनीय वृद्धि २७.६२ प्रतिशत भएको छ। गत चौ महीनामा भएको उत्पादनलाई हेर्दा

औद्योगिक उत्पादन विगत वर्षकै स्तरमा हुने देखिन्छ । सेवा क्षेत्रको आँकडा लिने व्यवस्था भइसकेको छैन । तर यसको महत्व हाम्रो आर्थिक व्यवस्थामा बढ्दै गइरहेको छ र यसले रोजगारीको अवसर धेरै बढाएको छ ।

अब म हाम्रो समस्याहरूबारे विस्तृत जानकारी दिन चाहन्छु । किनकि प्रस्तुत बजेट वर्तमान आर्थिक समस्याहरूलाई यथासंभव समाधान गर्ने उद्देश्य राखी तर्जुमा गरेको छु । विगत केही वर्षहरूमा हाम्रो राष्ट्रिय आयको मुख्य स्रोत खाद्यान्नको उत्पादनमा ह्रास आई आर्थिक उन्नतिको क्रम नगण्य भएको थियो र कहीं कहीं खाद्यान्नको अभाव समेत हुन गएको थियो । यो वर्ष खाद्यान्नको उत्पादनमा वृद्धि भएकोले खाद्यान्नको समस्या धेरै समाधान भएको छ । तर भारतमा खाद्यान्नको उत्पादनमा कमी र खाद्यान्नको सञ्चयमा ह्रास हुन जाँदा त्यहाँको मागको चापले खाद्यान्नको भाउमा निक्कै वृद्धि हुन गएको छ । खाद्यान्न मुख्य निकासी वस्तु भएको हाम्रो देशको लागि यो मूल्य वृद्धि राष्ट्रिय दृष्टिकोणले अवाञ्छनीय होइन । तर निश्चित मौद्रिक आय हुने वर्गलाई यसले जीवन निर्वाह गर्न कठिन पारेको छ । यस सम्बन्धमा श्री ५ को सरकारबाट भइरहेको र हुन लागेको प्रयासबारे म पछि उल्लेख गर्नेछु ।

२०२९।३० मा मुद्रा प्रदाय १८.२ प्रतिशतले वृद्धि भएकोमा यस आर्थिक वर्षको १० महीनामा मुद्रा प्रदाय ३३.४ प्रतिशतले वृद्धि भएको छ । स्वदेशी र विदेशी दुवै वस्तुहरूको मूल्य वृद्धिको कारण र मूल्य नियन्त्रणको लागि खाद्यान्नको निकासीमा रोक तथा नियन्त्रण गर्न परेबाट बैंकहरूबाट गएको कर्जा रकममा वृद्धि हुन गई मुद्रा प्रदाय निक्कै बढ्न गएको छ । विदेशी मुद्राको सञ्चयमा भएको वृद्धि पनि मुद्रा प्रदाय बढाउने एक प्रमुख कारक भइरहेको छ । यो वर्षको बजेट अनुमान अनुसार रू. ७,६४,५०,००० बराबरको परिवर्त्य विदेशी मुद्राको घाटा हुने व्यवस्था भएकोमा २०३० चैत्रसम्ममा रू. १६,७८,४३,००० बराबरको आधिक्य हुन गएको छ । निजी क्षेत्रलाई गएको कर्जा गत केही वर्षहरूमा सरदर २४ प्रतिशतले वार्षिक वृद्धि भइरहेकोमा २०२९ चैत्रदेखि २०३० चैत्रसम्ममा ५४.९ प्रतिशतले बढ्न गएको छ । श्री ५ को सरकारको आय र व्ययको खुद हिसाब २०२७।२८ सम्म बचत भइरहेकोमा २०२८।२९ देखि क्रमशः घाटा हुँदै गएबाट बैंकिङ्ग क्षेत्रको सरकार माथिको दावी बढ्दै गएकोले पनि मुद्रा प्रदायमा केही वृद्धि हुन गएको छ । मुद्रा प्रदायलाई संकुचन गर्ने मुख्य कारक मुद्दति र बचत निक्षेप हो । जसको वृद्धि दरमा घट्ने प्रवृत्ति देखा परेको छ । गत केही वर्षदेखि सरदर ३४ प्रतिशतको दरले वृद्धि भइरहेको मुद्दति र बचत निक्षेप २०२९ चैत्रदेखि २०३० चैत्रसम्ममा १९.४ प्रतिशतले मात्र वृद्धि भएको छ । यी सब कारणहरूले मुद्रा प्रदायमा वाञ्छनीय हदभन्दा बढी वृद्धि भएको र त्यसबाट केही मुद्रा स्फीति भएको छ ।

मूल्य वृद्धि र आवश्यक वस्तुहरूको अभाव नै देशको अगाडि एक प्रमुख समस्या हुन आएको कुरा शाही सम्बोधनमा उल्लेख भएको छ । श्री ५ को सरकारबाट सम्पूर्ण स्टकको प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रण गरी बिक्री वितरण गराएको वस्तुहरू बाहेक देशमा नै उत्पादित तथा बाहिरबाट आयात गरिएका प्रायः सबै मालहरूको मूल्यमा विगत वर्षहरूको दाँजोमा यो वर्ष

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निक्कै वृद्धि भएको छ । हाम्रो देशभरको भारित मूल्यसूची बन्न सकेको छैन । काठमाडौंको भारित मूल्यसूची अनुसार गत वर्ष पौषको दाँजोमा यो वर्षको पौषमा १५.६ प्रतिशतले वृद्धि भएको छ । मूल्य वृद्धिको कारकहरूमा आन्तरिकतर्फ मुद्रा प्रदायमा वृद्धि भएको, विकास कार्यक्रममा भएको खर्च अनुरूप उत्पादनमा वृद्धि हुन नसकेको, खाद्यान्न बाहेक अरू दैनिक उपभोगका वस्तुहरू जस्तो–सागपात, दूध, मासु इत्यादिको मागको अनुपातमा उत्पादनमा वृद्धि हुन नसकेको, पेट्रोलियम पदार्थको संकटले आन्तरिक यातायातमा आएको कठिनाइ र बिक्री वितरण व्यवस्थामा भएको कमजोरी प्रमुख छन् । मूल्य वृद्धिमा वाह्य कारकहरूको पनि ठूलो प्रभाव भएको हुँदा त्यसको पनि केही चर्चा गर्न आवश्यक ठान्दछु ।

कुनै पनि खुला अर्थतन्त्र भएको देश अन्तर्राष्ट्रिय आर्थिक गतिविधिको प्रभावबाट अलग रहन सक्दैन । अन्तर्राष्ट्रिय आर्थिक क्षेत्रमा गत केही वर्षदेखिको मौद्रिक समस्या एक प्रमुख छ । हालै बसेको बीस वटा मुलुकहरूको समितिको बैठकले यो समस्या सुल्झाउनेतर्फ केही प्रगति ल्याएको छ । एस्. डी. आर्. लाई सुनको स्थान दिने, त्यसको मूल्य विश्वको १६ प्रमुख मुद्राहरूको मूल्यको आधारमा निर्धारित गर्ने, मुद्राको भाउ अनिश्चित राख्ने प्रक्रियालाई नियमबद्ध गर्ने कुराहरूको सिद्धान्तमा सहमति भएको छ । तर समस्या भने अझै हल हुन सकेको छैन । वर्तमान पेट्रोलियम पदार्थको संकटले एकातिर अधिकांश विकसित र खासगरी विकासोन्मुख देशहरूलाई भुक्तानीको समस्या परेको छ त पेट्रोलियम पदार्थ निर्यात गर्ने देशहरूको आयमा अप्रत्यासित र अत्यधिक वृद्धि भई वृहत् मौद्रिक तरलता ल्याइदिएको छ । यसले अन्तर्राष्ट्रिय मौद्रिक समस्यालाई अझ जटिल तुल्याएको छ । विश्वको अधिकांश प्रमुख मुद्राहरूको भाउ अनिश्चित छन् । जसबाट अन्तर्राष्ट्रिय व्यापारमा कठिनाइ भइरहेको छ । उन्नत राष्ट्रहरूले राष्ट्रिय स्वार्थलाई नै सर्वोपरी राखी दिएकोले समस्या समाधान हुन विलम्ब भइरहेको छ ।

मुद्रा स्फीति नै अत्यन्त गंभीर अन्तर्राष्ट्रिय आर्थिक समस्या भएको छ । यसैबाट मौद्रिक संकट उत्पन्न भएको हो । अन्तर्राष्ट्रिय स्तरमा मूल्य वृद्धि भएको दुई वर्ष जति भयो तर गत केही महीनादेखि यसले तीव्ररूप लिएको छ । खाद्यान्नको अन्तर्राष्ट्रिय बजार भाउ १९७२ को दाँजोमा १९७४ मार्चसम्ममा अप्रत्यासित तवरले बढेको छ । यस अवधिमा चामलको भाउमा ३६० प्रतिशत, गहुँको भाउमा ३०० प्रतिशत, मकैको भाउमा १२० प्रतिशत, चीनीको भाउमा १०० प्रतिशतले वृद्धि भएको देखिन्छ । विकसित देशहरूमा विगत दशक (१९६० देखि १९७०) मा मूल्य वृद्धि सरदर वार्षिक ३ प्रतिशत थियो, यस वर्ष १० प्रतिशतभन्दा अधिक वृद्धि भएको छ । एशियाली देशहरूमा सरदर २८.८ प्रतिशत मूल्य वृद्धि भएको छ । उन्नत राष्ट्रहरूमा भइरहेको मूल्य वृद्धि र तलब मजदूरीको वृद्धिको कुचक्र माथि पेट्रोलियम पदार्थको मूल्य वृद्धिले गर्दा मुद्रा स्फीतिको समस्यालाई झन जटिल तुल्याएको छ ।

262 पेट्रोलियम र केही आधारभूत कच्चा पदार्थको मूल्यमा स्थिरता नआएसम्म मूल्य वृद्धिको समस्या सुल्झने कम आशा छ । हाल मूल्य वृद्धि भएको मात्र नभई मालसामानको आपूर्ति स्थिति नै कमजोर छ । साधारणतः खरीद कर्ताको बजार भइरहेको विश्वमा अहिले अधि-

कांश मालसामानहरूको बजार बिक्री गर्नेको भइरहेको छ । बढी मूल्यमा पनि मालसामान भनेको बेलामा पाउन कठिन छ । विश्वभर नै खाद्यान्नको उत्पादन कम भएबाट खाद्यान्नको अन्तर्राष्ट्रिय मूल्य स्थितिमा निकट भविष्यमा विशेष सुधार हुने लक्षण देखिंदैन । मलखादको कमीले यस समस्यालाई अझ जटिल पारेको छ । पेट्रोलियम पदार्थको मूल्य तीन गुणा वृद्धि भइसक्यो, तर पनि पेट्रोलियम निर्यात गर्ने देशहरू यसको मूल्य बढाउनमा अझ तल्लीन देखिन्छन् । उन्नत राष्ट्रहरूले आफ्नो उत्पादित मालसामानहरूको मूल्य बढाउँदैछन् र उनीहरूलाई पेट्रोलियम पदार्थको मूल्य वृद्धिले त्यत्तिको असर पारेको छैन । यसको मुख्य भार केही प्रमुख औद्योगिक कच्चा पदार्थहरू निर्यात गर्ने केही देशहरू बाहेक प्रायः सबै विकासोन्मुख देशहरूलाई परेको छ । यस कठिनाइलाई महसूस गरी पेट्रोलियम निर्यात गर्ने देशहरू र केही उन्नत देशहरूले विकासोन्मुख राष्ट्रहरूलाई केही आर्थिक सहूलियत उपलब्ध गराउनेतर्फ कारवाही भइरहेको छ । यसमा श्री ५ को सरकारले सक्रिय भाग लिइरहेको माननीय सदस्यहरूलाई जानकारी नै होला । वर्तमान अन्तर्राष्ट्रिय गतिविधिलाई हेर्दा अन्तर्राष्ट्रिय मूल्यस्थिति निकट भविष्यमा सुध्रने देखिंदैन ।

छिमेकी राष्ट्र भारतसंग हाम्रो अधिकांश व्यापार भएको र सो पनि बिना नियन्त्रण भइरहेको हुँदा भारतको आर्थिक गतिविधिले हाम्रो अर्थतन्त्रमा विशेष असर पार्दछ । अतः यसबारे केही उल्लेख गर्नु प्रासंगिक ठान्दछु । भारतमा प्रतिकूल मौसमको कारण गत केही वर्षदेखि खाद्यान्नको उत्पादनमा ह्रास भइरहेको माननीय सदस्यहरूलाई अवगत नै छ । अन्तर्राष्ट्रिय मूल्य वृद्धिले भारतलाई ठूलो असर पारेको छ । भारतमा यो वर्ष मूल्य वृद्धि २७.६ प्रतिशत पुग्न गएको छ । यी कारणहरूले हाम्रो मूल्य र आपूर्ति स्थितिमा प्रतिकूल असर पारेको छ ।

यी भए समस्याहरू । आज तात्कालीन रूपमा सबै समस्याहरूबाट पर्न गएका प्रतिकूल असरहरूलाई यथाशक्य कम गर्ने र विकासको गतिमा आएका अवरोधलाई हटाएर आर्थिक उन्नतिको पथमा अघि बढ्नु हाम्रो अगाडि चुनौती छ । यसको लागि आवश्यकता छ, हाम्रो आर्थिक सोचाइमा परिवर्तन, नीति निर्माणमा दूरदर्शिता र तिनको कार्यान्वयनमा परिपक्वता । आगामी वर्षको लागि आर्थिक नीतिको तर्जुमा गर्दा वित्तीय र मौद्रिक दुबै क्षेत्रमा आर्थिक अनुशासन, मितव्ययिता, उत्पादन वृद्धि गर्ने कार्यमा जोड र सामाजिक न्यायलाई मूलभूत आधारको रूपमा लिइएका छन् ।

मितव्ययिताको नीतिको अनुकरण गरेर साधारण बजेटको वृद्धि दर यथाशक्य कम गरेको छु र अर्थ व्यवस्थाको सञ्चालनबाट प्रतिकूल असर नपर्ने गरी बजेटलाई सन्तुलित पार्ने लक्ष्य राखेको छु । बजेटको कार्यान्वयनको क्रममा पनि आर्थिक अनुशासनलाई सर्वोपरी राखिने छ । हुनत आजको आर्थिक अवस्थामा मितव्ययी हुनाको नाताले विकासको खर्चको समेत कटौती गर्ने तर्क गर्न सकिन्छ तापनि त्यो बाटो अपनाएर मैले विकास बजेटलाई संकुचित पारेको छैन । विकासको खर्चको ढाँचामा भने केही परिवर्तन गरेको छु जस अनुसार एकातर्फ उत्पादन बढाउने काममा खर्च बढाइएको छ भने अर्कोतर्फ सामाजिक न्यायको दृष्टिकोणबाट देशको विभिन्न क्षेत्रमा पर्ने कार्यक्रमहरू लाभदायी हुने व्यवस्था गरिएको छ । यसरी बढ्न आउने खर्च मुख्यतः थप हुनेछ ।

राजस्व परिचालन गरेर सन्तुलन ल्याइएको छ। राजस्वको परिचालनमा भने शाही सम्बोधनमा उल्लेख भएको नीतिको अनुकरण गरी करको वृद्धि दर बढाएर उपभोक्ता र उत्पादन कर्तालाई बोझ बढाउनुभन्दा प्रशासन र संस्थागत सुधारबाट निश्कै नै राजस्व परिचालन गर्ने प्रयास गरेको छु।

मुद्रा स्फीति एक चिन्ताजनक विषय भएकोले प्रथमतः यसलाई नियन्त्रण गर्न निम्न मौद्रिक तथा वित्तीय नीतिहरू अपनाइएको छ। मुद्रा प्रदायमा वृद्धि ल्याउने कारकमा निजी क्षेत्रमाथिको बैंकको दावी पनि प्रमुख भएकोले यही आउँदो आर्थिक वर्षको शुरूदेखि लागू हुने गरी नेपाल राष्ट्र बैंकले कर्जा नीतिमा ठोस परिवर्तन ल्याई ऋणको ब्याज दरमा वृद्धि गरिएको छ। यसबाट ऋणको रकम घट्न गई मुद्रा प्रदायमा संकुचन आउनेछ। आवश्यकीय उपभोग्य वस्तुहरूको मूल्यमा प्रतिकूल प्रभाव नपरोस् भनेर यस्ता वस्तुहरूको लागि दिइने ऋणमा भने ब्याजदर यथावत् नै राखिएको छ। मुद्दति र बचत निक्षेपलाई प्रोत्साहन दिन त्यसको ब्याजदर निक्कै बढाइएको छ। अल्पकालीन बचत सङ्कलन गर्न आवश्यक व्यवस्थाको लागि त्यससम्बन्धी विधेयक यही अधिवेशनमा पेश गरिनेछ। यी मौद्रिक कदमहरूले मुद्रा प्रदायमा अनुकूल प्रभाव पार्ने निश्चय छ।

विदेशी मुद्राको सञ्चय नै मुद्रा प्रदाय वृद्धिको मूल कारक भएकोले आगामी वर्ष यसको ठोस उपयोगद्वारा यसबाट सालिन्दा भइरहेको प्रतिकूल प्रभावलाई दोहरिन नदिन हरसम्भव प्रयास गर्ने भएको छु। गत केही वर्षहरूमा परिवर्त्य विदेशी मुद्राको आयभन्दा खर्च बढी गर्ने गरी बजेटको व्यवस्था भइरहेको हो। तर विभिन्न कारणवश सो अनुसार खर्च हुन सकेको छैन। अतः यस नीतिलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न एक निश्चित आधारको तर्जुमा भइरहेको छ। मलाई विश्वास छ आगामी वर्ष विदेशी मुद्राको सञ्चयको कारण मुद्रा प्रदायमा वृद्धि हुन जाने छैन। हाम्रो कुल विदेशी मुद्राको सञ्चयमा लगातार वृद्धि भइरहे तापनि भारतीय मुद्राको सञ्चयमा केही कमी हुन गएकोले गत वर्ष भारत सरकारबाट भा. रू. १० करोडको ऋण लिन सकिने व्यवस्था गरिएको थियो। यस वर्ष खाद्यान्नको उत्पादन राम्रो भएकोले बढी निर्यात हुन सक्ने भई शोधनान्तर स्थितिमा अनुकूल प्रभाव परेको छ। यसैले भा. रू. ५ करोडको मात्र ऋण लिन सकिने व्यवस्था गरिएको छ। भारतीय मुद्राको सञ्चयमा सुधार आए तापनि यसलाई अझ मजबूत गर्न भारतमा निर्यात बढाउनुको साथै परिवर्त्य विदेशी मुद्राको उचित उपयोग गरी आयातमा विविधीकरण गरिनेछ। यो वर्ष जस्तै आगामी वर्ष पनि कृषि उत्पादन राम्रो भई दिएमा हाम्रो शोधनान्तर स्थिति धेरै सुदृढ हुनेछ।

मुद्रा स्फीतिको समाधानको सर्वोपरि उपाय उत्पादन वृद्धि नै हो। यसैले कृषि क्षेत्रलाई ऋण दिने कार्यक्रम अझ सरल र विस्तारित गरिनेछ। घरेलु र साना उद्योगहरूलाई पनि ऋण सुलभ गराइनेछ। यसको निमित्त नेपाल राष्ट्र बैंकले सक्रिय भूमिका खेल्नेछ। वाणिज्य बैंकहरूको क्रियाकलाप हाल गल्ला व्यापार र आयात निर्यात व्यापारमा नै सीमित रहेकोमा तिनीहरूलाई उत्पादन क्षेत्रमा बढी लगानी गराउन र ससाना व्यवसायीहरूलाई कर्जा सुलभ गराउन

२०८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रभावकारी कदमहरू चालिनेछ । यसको निमित्त आवश्यकीय कानूनी व्यवस्थाको लागि यस सदनमा विधेयक पेश गर्ने भएको छु ।

वर्तमान आर्थिक समस्यालाई सुल्झाउन विभिन्न वित्तीय कदमहरू अपनाउने भएको छु । प्रथमतः साधारण बजेटतर्फको खर्चलाई सकेसम्म कम गरेको छु। यो वर्षको अनुमानित साधारण खर्च २०२९।३० को दाँजोमा १९.३ प्रतिशत वृद्धि भएकोमा आगामी वर्षको साधारण खर्चको वृद्धि यो वर्षको दाँजोमा १६.१ प्रतिशतमा सीमित गरिएको छ । विकास खर्चतर्फ पनि अनुत्पादक निर्माणहरू धेरै कटौती गरिएको छ। राजस्वको वृद्धि विगत वर्षहरूको दाँजोमा निकै बढी गर्ने प्रयास गर्ने भएको छु। यो वर्षको अनुमानित राजस्वको वृद्धि गत वर्षमा १९ प्रतिशत भएकोमा आगामी वर्षको वृद्धि यो वर्षको दाँजोमा ३४ प्रतिशत पुग्ने अनुमान गरेको छु। साधारण खर्चमा नियन्त्रण गरी राजस्वमा उल्लेखनीय वृद्धि ल्याई विकासको लागि बढी बचतको व्यवस्था गरिएको छ । यसरी आन्तरिक स्रोतको बढी परिचालन गरी घाटा अर्थ व्यवस्था नहुने गरेको छु।

करको दर वृद्धिभन्दा राजस्व प्रशासनलाई सुदृढीकरण गरी कर चुहावटलाई दृढताकासाथ रोकथाम गरी बढी राजस्व असूली गर्ने नै आगामी वर्षको प्रमुख कार्यनीति रहनेछ। सरकारी निगमहरूमा सुधार ल्याई तिनीहरूबाट बढी लाभांश उठाउने पनि ठोस प्रयत्न गरिनेछ । राजस्व प्रशासनलाई प्रभावकारी बनाउन केही कदमहरू उठाइसकिएको छ र यस वर्षको बजेटमा प्रस्ताव गरेबमोजिम यसबाट अनुमानितभन्दा बढी राजस्वको वृद्धि भएको छ । यसमा अझ प्रशस्त गुञ्जाइश छ। अर्थ मन्त्रालय र राजस्व विभागहरूको सुदृढीकरण योजना बनिसकेको छ । सरकारी निगमहरूको सुधार गर्नेतर्फ पनि विभिन्न निगमहरूको विशेषज्ञहरूद्वारा अध्ययन हुन लागिरहेको छ। उनीहरूको सुझाव अनुसार कार्यान्वयन गरी सुधार ल्याइनेछ। यी कदमहरूबाट राजस्वमा निकै वृद्धि हुने विश्वास राखेको छु।

हाम्रो जस्तो कृषिप्रधान मुलुक जहाँ राष्ट्रिय आयको झण्डै दुई तिहाई खण्ड यस क्षेत्रबाट उत्पन्न हुन्छ त्यसको वितरण प्रणाली र बजार व्यवस्थामा सुधार नहुञ्जेल अर्थ व्यवस्था निर्देशित मार्गतिर लम्कन नसक्ने कुरा स्पष्ट छ। कृषि पैदावारको बिक्री वितरण र निर्यात आजसम्म अनियन्त्रित ढङ्गबाट भइरहेको कारण राष्ट्रले यसबाट उठाउन सक्ने लाभ पाएको छैन र सरकारी राजस्वमा पनि यसको प्राधान्य छैन । राष्ट्रिय आयको प्रमुख स्रोतको खरीद बिक्री यस प्रकार अनियन्त्रित रूपमा राखेर नत आन्तरिक मागको नै न्यायपूर्ण रूपमा परिपूर्ति गर्न सकिन्छ नत त्यसबाट लगानीमा नै अनुकूल वातावरणको सृजना गर्न सकिन्छ भन्ने कुरा हाम्रा विगत केही वर्षको अनुभवबाट स्पष्ट छन् । यस तथ्यलाई ध्यानमा राखेर धान चामलको निर्यात व्यापारलाई आगामी वर्षदेखि संस्थागत गरिने नीति श्री ५ को सरकारले अपनाएको छ। यो नीतिको अनुसरण गरेर श्री ५ को सरकारले अर्थ व्यवस्थाको सञ्चालनमा एउटा गहन कदम र ठूलो जिम्मेवारी लिएको छ। यस कार्यमा साहस देखाउनु जति आवश्यक छ व्यावहारिक बाटो अपनाउनु पनि उत्तिकै जरुरी छ । यस उद्देश्यले संस्थागत गरिंदा निर्यात व्यापारमा अनुभव

26 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त व्यापारी वर्गको सक्रिय भूमिका रहने गरी संस्थानहरू खडा गरिनेछन् । यसबाट आन्तरिक बजारको मूल्यस्तरमा स्थिरता ल्याउन सजिलो हुनेछ र चुहावटको रोकथाम भई राजस्वमा उल्लेखनीय वृद्धि हुने विश्वास गरेको छु ।

एकातिर अधिकांश जनतालाई आर्थिक समस्याले जीवन निर्वाह गर्न कठिनाइ भइरहेको छ त अर्कोतिर समाजमा केही वर्ग बढी सम्पन्न हुँदै गई उन्नत राष्ट्रहरूको जीवनस्तरमा उक्लँदै छन् । सामाजिक न्यायको दृष्टिकोणले यस्तो वर्गमा करको भार केही बढाउन वाञ्छनीय मात्र होइन आवश्यक नै ठान्दछु । यस नीतिको अनुसरणबाट पनि राजस्वको वृद्धिमा केही मद्दत हुन जानेछ ।

मूल्य वृद्धिको गम्भीर समस्या समाधान गर्नको लागि श्री ५ को सरकारले एक तात्कालिक योजना लागू गरेको छ जस अनुसार निश्चित मौद्रिक आय भएको व्यक्तिहरूलाई दैनिक उपभोगका अत्यावश्यक वस्तुहरू यथासम्भव सहूलियत दरमा बिक्री गर्ने नीति अपनाइएको छ । यस अनुसार चामल, मोटो बानाको कपडा, खानेतेल, मट्टीतेल, नून र चीनीलाई अत्यावश्यक वस्तुमा लिइएको छ । यी वस्तुहरूको नियमित आपूर्ति गर्नुको साथै सुपथ पसलहरू खोली पर्याप्त मात्रामा उपलब्ध गराउने लक्ष्य राखिएको छ । यो काममा जिल्ला, नगर र गाउँ पञ्चायतहरूलाई सरीक गराइनेछ । श्री ५ को सरकारले विभिन्न संस्थानहरूको माध्यमबाट वस्तुहरूको नियमित आपूर्ति गर्ने कामलाई जोड दिनेछ । यसको लागि आवश्यक साधन जुटाउने व्यवस्था गरिनेछ । निजी क्षेत्रलाई पनि आवश्यक निर्माणका सामग्री तथा उपभोगका वस्तुहरू आयात गर्न प्रोत्साहित गरिनेछ ।

मूल्य नियन्त्रणको चर्चा गर्दा म माननीय सदस्यहरूलाई बढी आशावादी बनाउन पनि चाहन्न किनभने यसका केही पक्षहरू हाम्रो सामर्थ्यभित्रका छन् भने केही पक्षहरू हामीले सहन पर्ने बाध्यता पनि छ । सरासर हेर्ने हो भने सबै प्रकारको मूल्य वृद्धिहरूले प्रतिकूल असर पार्छ भन्न पनि सकिन्न र यसबाट सबै वर्ग पीडित मात्र हुन्छन् भन्ने कुरा पनि होइन । अन्ततोगत्वा मूल्य वृद्धिको जवाफ उत्पादन वृद्धि नै हो । श्री ५ को सरकारको दृष्टिकोण मुख्यतः मूल्य वृद्धिबाट विकासको गतिमा शिथिलता नआवस् भन्ने हुनेछ र मूल्य नियन्त्रण गरिंदा उपभोक्ताहरूको स्वाभाविक आकांक्षालाई मात्र नहेरेर देशको दीर्घकालीन विकासलाई पनि दृष्टिगत राखिनेछ । विकास खर्चलाई कटौती गरी मूल्य वृद्धि रोक्नमा केही सहायक हुन्छ । तर यस्ता कदमहरूबाट निर्माण भइरहेको विकास कार्यहरू स्थगित रहने र तिनीहरूबाट हुने फाइदाहरूलाई झन पर सार्ने हुन्छ । यसले हाल भइरहेको रोजगारी पनि घट्न गई कामदार वर्गलाई मर्का पर्न जान्छ । यसैले विकास कार्यक्रमलाई कटौती गरिएको छैन । तर परिस्थितिको विचार गरी गत वर्षहरूको दाँजोमा आगामी वर्षको विकास बजेटको वृद्धि दर भने कम गरिएको छ । नयाँ आयोजनाहरूको हकमा विशेषतः अधिकांश विदेशी सहायताद्वारा सञ्चालित हुने तथा स्थानीय स्तरका आयोजनाहरू आगामी वर्षको कार्यक्रममा समावेश गरिएका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छन् । राष्ट्रिय योजना आयोगबाट तयार भएको विकास कार्यक्रमको विस्तृत विवरण छुट्टै पेश गरेको छु । त्यसलाई दोहऱ्याएर समय लिन चाहन्न । त्यसको केही महत्वपूर्ण पक्षहरू मात्र संक्षेपमा पेश गर्दछु ।

कृषि उत्पादन बढाउन सिचाइ सुविधा नै सबभन्दा बढी आवश्यक पर्दछ । आगामी वर्षको कार्यक्रममा सातवटा ठूला सिचाइ आयोजनाहरू समावेश छन् । हुन त यी आयोजनाहरू यस आर्थिक वर्षकै कार्यक्रममा परेका छन् । तर आगामी वर्ष यिनीहरूको कार्यान्वयनमा निक्कै प्रगति आउनेछ र केही आयोजनाहरूबाट सिचाइ सुविधा उपलब्ध हुन थाल्नेछ । पहाडतर्फको टार सिचाइ योजनाहरूको राम्रो कार्यान्वयन हुन नसकेको महसूस गरी, यसको सुनियोजित ढङ्गबाट सञ्चालन गर्न १८ वटा टार सिचाइ योजनाहरूको सम्भाव्य अध्ययन कार्य पूरा गरिनेछ । हाम्रो तराई क्षेत्रमा भूगर्भ जलस्रोत साधन भएकोले पश्चिम र सुदूर पश्चिममा यसको सर्वेक्षण भइसकेको छ र सिचाइको लागि सो उपयोग गर्नेतर्फ अध्ययन गरिनेछ । यसरी सिचाइतर्फ श्री ५ को सरकारले विशेष ध्यान दिएको छ र आगामी २।३ वर्षमा यसबाट कृषि उत्पादनमा ठूलो वृद्धि ल्याउने निश्चय छ । कृषिलाई आवश्यक अरू वस्तुहरूको आपूर्तिमा पनि जोड दिइएको छ । यसको लागि कृषि विकास बैंक, कृषि खरीद बिक्री संस्थान र वाणिज्य बैंकहरूले सक्रिय भूमिका खेल्नेछन् ।

औद्योगिक विकासतर्फ पनि आगामी वर्ष विशेष प्रयत्न हुने भएको छ । हालै लागू भएको औद्योगिक नीतिले यसको लागि अनुकूल वातावरणको सृजना गरेको छ । निजी क्षेत्रमा विभिन्न उद्योगहरूको लागि इजाजत दिइएको छ । जनसाधारणको दैनिक उपभोगको लागि आवश्यक वस्तुहरूको उत्पादन बढाउन निजी क्षेत्रमाथि मात्र भर पर्न व्यावहारिक नभएकोले खाने तेल प्रशोधन, वनस्पति घ्यू, सूती कपडाको उद्योग सरकारी क्षेत्रमा स्थापना गर्ने आगामी वर्षको कार्यक्रममा परेको छ । यसबाट यी वस्तुहरू सुलभ हुने मात्र नभई आयात-माथिको निर्भरता पनि घट्नेछ । विकास कार्यको लागि चाहिने सिमेन्टको उत्पादन आगामी वर्ष शुरू हुने भएको छ । यसले हाल निर्माणमा बीचबीचमा आइपरिरहेको अवरोधलाई केही हदसम्म निराकरण गर्नेछ ।

हाम्रो देशमा आवश्यक वस्तुहरूको न्यूनतम सञ्चयको व्यवस्था र सुविधा ज्यादै सीमित हुनाको कारण एकातिर देशमा उत्पादित वस्तु बढी निर्यात हुन गई कहिलेकाहीं अभावको स्थिति समेत उत्पन्न हुने गरेको छ त अर्कोतर्फ आयात हुने वस्तुहरूको आपूर्ति पनि कुनै कारणवश रोकन गएमा तुरुन्तै अभावको स्थिति देखा पर्ने गरेको छ । यसबाट समय समयमा कृत्रिम मूल्य वृद्धिको अनुभव गर्न परिरहेको छ । यस समस्यालाई समाधान गर्न आवश्यक वस्तुहरूको नियमित आपूर्तिको लागि न्यूनतम सञ्चयको व्यवस्था गर्न गोदामहरूको निर्माणको साथै आवश्यक रकम उपलब्ध गराउनेतर्फ पनि ध्यान दिइएको छ ।

आगामी वर्षको विकास बजेटमा अरू क्षेत्रहरूको दाँजोमा सामाजिक सेवातर्फ गत वर्षको तुलनामा बजेट रकममा उल्लेखनीय वृद्धि छ । हाल हाम्रो विकास कार्यक्रमको परिधि

२१० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निक्कै सीमित हुँदा अधिकांश जनता यसको लाभबाट प्रायः वञ्चित छन् । सामाजिक न्यायको दृष्टिकोणबाट विकासको फाइदा बढी से बढी जनसंख्यालाई पुऱ्याउने उद्देश्यले यस क्षेत्रको कार्यक्रमलाई विशेष महत्व दिइएको छ ।

आर्थिक विकासको एक प्रमुख लक्ष्य देशमा सन्तुलित विकास ल्याउने हो । यस उद्देश्यले देशलाई चार विकास क्षेत्रमा विभाजन गरी विकास कार्यक्रम सञ्चालन भइरहेको छ । आगामी वर्षको कार्यक्रममा यस लक्ष्यलाई अघि बढाउन विकास केन्द्रहरू जोड्ने बाटो धरान-धनकुटा र कोहलपुर-सुर्खेत बाटोको निर्माणको लागि व्यवस्था गरिएको छ । अरू आवश्यक आधारभूत आयोजनाहरू पनि समावेश गरिएका छन् । आगामी वर्षको विकास लगानीको बाँडफाँटमा हाम्रो सबभन्दा पिछडिएको सुदूर पश्चिमाञ्चल क्षेत्रको लागि यो वर्ष १३ प्रतिशत अनुमानित रकम रहेकोमा आगामी वर्ष २०.५ प्रतिशत राखिएको छ । पश्चिमाञ्चल क्षेत्रमा यो वर्ष ११ प्रतिशत रहेकोमा आगामी वर्ष १२.६ प्रतिशतको व्यवस्था छ । मध्यमाञ्चलको ३६ प्रतिशतबाट ३४.६ प्रतिशतमा झरेको छ । पूर्वाञ्चलमा भने १७.२ प्रतिशतबाट घटी १३.३ प्रतिशतमा पुग्ने भएको छ । यसरी विकास लगानीलाई विस्तारित गर्ने नीतिको क्रमशः कार्यान्वयन हुँदै आइरहेको छ ।

नेपालको आर्थिक एवं सामाजिक विकासमा विदेशी सहायताको महत्वपूर्ण भूमिका रहिआएको छ र अझ केही समयसम्म हामीले मित्रराष्ट्र एवं अन्तर्राष्ट्रिय संघ संस्थाहरूको सहयोगको अपेक्षा गरिरहनु पर्ने कुरा स्पष्ट छ । साथै यस्तो सहायता नेपालको वास्तविक आवश्यकता र प्राथमिकता अनुरूप सदुपयोग गरी हामी क्रमशः आत्मनिर्भर बन्न सक्ने परिस्थितिको सृजना गर्ने बेला आएको छ । विगत वर्षहरूमा विदेशी प्राविधिक एवं सल्लाहकारहरूले खेलेको महत्वपूर्ण भूमिकाको फलस्वरूप आज नेपाली प्राविधिज्ञहरूको ज्ञान र हौसलामा ठूलो वृद्धि भएको छ र पहिले विदेशी विशेषज्ञहरूमा भर पर्नुपर्ने कतिपय कार्यहरू अब नेपालीहरू आफै सञ्चालन गर्न सक्ने अवस्थामा पुगेका छन् । यी सबै कुरालाई दृष्टिगत गरी विदेशी सहायताबाट सञ्चालन हुने विकास कार्यहरूको छनौट र कार्यान्वयनमा नेपाली प्रशासक र प्राविधिज्ञहरूको सक्रिय भूमिका रहने नीति अपनाएको छु ।

आगामी वर्ष श्री ५ महाराजाधिराज सरकारको शुभ–राज्याभिषेक मनाउने सौभाग्य हामी नेपालीहरूले पाउँदै छौं । हाम्रो राष्ट्रियता तथा सार्वभौमिकताको लागि राजमुकुटको महत्वबारे मैले माननीय सदस्यहरूलाई भनिरहनुपर्ने होइन । शुभ–राज्याभिषेक एक महान् राष्ट्रिय पर्व हो । अन्तर्राष्ट्रिय दृष्टिकोणले पनि यसको ठूलो महत्व छ । साँचै भनु भने अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको व्यक्तित्वको विकास विशेष गरी यस्तै उत्सवहरूबाट भएको पाउँछौं । अतः यस उत्सवलाई भव्य तरीकाबाट मनाउनु राजनैतिक, सामाजिक तथा आर्थिक सबै दृष्टिकोणबाट आवश्यक देखेकोले यसको खर्चको लागि साधारण बजेटमा आवश्यक व्यवस्था गरेको छु ।

चालू आर्थिक वर्षको सिंहावलोकन, आगामी वर्षको आय-व्ययको उद्देश्य, मौद्रिक तथा वित्तीय नीति र कार्यक्रमको महत्वपूर्ण पक्षहरूको विवरण छोटकरीमा प्रस्तुत गरें । अब म आय-व्ययसम्बन्धी तथ्यहरू पेश गर्न चाहन्छु ।

२९९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २

आर्थिक वर्ष २०२९–३० को यथार्थ र २०३०–३१ को संशोधित अनुमानको आय-व्यय विवरण पेश गर्दछु। आर्थिक वर्ष २०२९–३० मा आयतर्फ राजस्व रू. ६१ करोड ४० लाख ७८ हजार र विदेशी सहायता अनुदान रू. २० करोड ४३ लाख ७७ हजार प्राप्त हुने संशोधित अनुमान भएकोमा क्रमशः रू. ६१ करोड ५८ लाख २६ हजार र १८ करोड २ लाख ५७ हजार प्राप्त भएको छ। खर्चतर्फ साधारण बजेटमा रू. ४० करोड २६ लाख ४२ हजार र विकास बजेटमा रू. ६१ करोड ७७ लाख २३ हजार हुने संशोधित अनुमान भएकोमा यथार्थ खर्च क्रमशः रू. ३७ करोड ४२ लाख ३७ हजार र ६० करोड ८५ लाख ५९ हजार हुन आएको छ। यसरी विदेशी ऋण रू. ४ करोड ४१ लाख ८ हजार र आन्तरिक ऋण रू. १० करोड ५० लाख उठाई ५ करोड २८ लाख २ हजार घाटा हुने संशोधित अनुमान भएकोमा खुद विदेशी ऋण रू. ४ करोड ७३ लाख ७८ हजार प्राप्त भएको र आन्तरिक ऋण रू. ५ करोड मात्र उठाइएकोले घाटा रू. ८ करोड ९३ लाख ३५ हजार हुन गएको छ।

चालू आर्थिक वर्षमा साधारण बजेटमा रू. ५० करोड ५७ लाख ४९ हजार र विकास बजेटमा रू. १ अरब ४ करोड १७ लाख ३९ हजार खर्च हुने अनुमान भएकोमा क्रमशः रू. ४९ करोड ८३ लाख ३५ हजार र रू. ८१ करोड १४ लाख ३८ हजार हुने संशोधित अनुमान छ। आयतर्फ राजस्वबाट रू. ७१ करोड ५६ लाख १८ हजार र विदेशी सहायता अनुदानतर्फ रू. २५ करोड ५३ लाख ४४ हजार प्राप्त हुने अनुमान भएकोमा क्रमशः रू.७२ करोड ९४ लाख २० हजार र रू. २१ करोड ७२ लाख ६ हजार प्राप्त हुने संशोधित अनुमान छ। यसरी विदेशी ऋण रू. २३ करोड ७९ लाख ७ हजार र आन्तरिक ऋण रू. २० करोड उठाई रू. १३ करोड ८६ लाख १९ हजार खुद घाटा हुने अनुमान भएकोमा विदेशी ऋण रू. १० करोड ६८ लाख ९३ हजार प्राप्त हुने र आन्तरिक ऋण रू. १० करोड मात्र उठाइने संशोधित अनुमान भएकोले खुद घाटा रू. १५ करोड ६२ लाख ५४ हजार हुने संशोधित अनुमान छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३

अब म आगामी आर्थिक वर्षको आय-व्यय अनुमान पेश गर्दछु । खर्चतर्फ साधारण बजटमा रु. ५८ करोड ७५ लाख ३५ हजार र विकास बजेटमा रु. १ अरब १५ करोड ३३ लाख ५६ हजार गरी जम्मा रु. १ अरब ७४ करोड ८ लाख ९१ हजारको अनुमान छ। चालू वर्षको संशोधित अनुमानको तुलनामा यो खर्च साधारणतर्फ १७.९ प्रतिशतले र विकासतर्फ ४२.२ प्रतिशतले वृद्धि भएको छ। साधारण बजेटको कुल खर्चमा ऋण लगानी र साँवा तथा ब्याज भुक्तानीमा मात्र ९.६ प्रतिशत परेको छ। अरूमा खासगरी सामाजिक सेवा अन्तर्गत शिक्षामा नयाँ शिक्षा योजनाबमोजिमको खर्च, स्वास्थ्यमा औषधिको लागि थप व्यवस्था, अदालततर्फ जनतालाई न्याय सुलभ गराउन स्थापना गरिएको क्षेत्रीय अदालतहरूको खर्च, प्रहरीलाई सक्षम र सुदृढ बनाउन तयार गरेको विशेष योजनाको खर्च आदि कारणहरूबाट साधारणतर्फको खर्चमा केही वृद्धि हुने भएको छ। साधारण बजेटको कुल खर्चमध्ये संवैधानिक अङ्गहरूमा रु. १ करोड ७६ लाख ४ हजार, साधारण प्रशासनमा रु. १० करोड ७८ लाख ६७ हजार, राजस्व प्रशासनमा रु. २ करोड २ लाख ३१ हजार, आर्थिक प्रशासन र योजनामा रु. ८० लाख ७३ हजार, न्याय प्रशासनमा रु. १ करोड ८ लाख ५४ हजार, वैदेशिक सेवामा रु. २ करोड १२ लाख १५ हजार, रक्षामा रु. ९ करोड ७२ लाख ७६ हजार, सामाजिक सेवाहरूमा रु. १३ करोड १७ लाख २७ हजार, आर्थिक सेवाहरूमा रु. ७ करोड ७७ लाख ८ हजार, ऋण र लगानीमा रु. १६ लाख ८५ हजार, साँवा र ब्याज भुक्तानीमा रु. ५ करोड ४८ लाख ४५ हजार र विविधमा रु. ३ करोड ८४ लाख ५० हजारको व्यवस्था गरिएको छ।

विकास बजेटतर्फको कुल खर्चमा रु. १ अरब १५ करोड ३३ लाख ५६ हजार छुट्याइएको छ। विकास कार्यमा क्षेत्रीय सन्तुलन तथा कम विकसित क्षेत्रहरूमा बढी लगानी गर्ने श्री ५ को सरकारको नीति अनुसार अघि मैले उल्लेख गरेबमोजिम विशेष गरी सुदूर पश्चिमाञ्चल क्षेत्रको लागि चालू वर्ष विकास बजेटको १३.० प्रतिशत रहेकोमा आगामी वर्षमा २०.५ प्रतिशत पुऱ्याइएको छ। साथै पश्चिमाञ्चल विकास क्षेत्रमा ११.० प्रतिशत रहेकोमा अब १२.६ प्रतिशत राखिएको छ। चालू वर्षमा कुल विकास बजेटको १७.२ प्रतिशत पूर्वाञ्चल विकास क्षेत्रमा रहेकोमा त्यस क्षेत्रमा केही घट्न गएको छ। मध्यमाञ्चल विकास क्षेत्रमा चालू वर्षमा ३९.० प्रतिशत भएकोमा ३४.६ प्रतिशत मात्र राखिएको छ। विकास क्षेत्र खुलाउन नसकिनेमा चालू वर्ष १९.८ प्रतिशत भएकोमा आगामी आर्थिक वर्षको लागि १९.० प्रतिशत राखिएको छ। आगामी आर्थिक वर्षको लागि कुल खर्च छुट्याइएकोमध्ये आर्थिक सेवाहरूमा रु. ८७ करोड ६२ लाख ५८ हजार अर्थात् ७६ प्रतिशत, सामाजिक सेवाहरूमा रु. २४ करोड ७६ लाख ११ हजार अर्थात् २१.४ प्रतिशत र बाँकी आर्थिक प्रशासन र योजना तथा विविधमा रु. २ करोड ९४ लाख ८७ हजार अर्थात् २.६ प्रतिशत छुट्याइएको छ।

२१९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामाजिक सेवाहरूको कुल खर्चमध्ये शिक्षामा रू. ६ करोड ३२ लाख ८२ हजार, स्वास्थ्यमा रू. ६ करोड २३ लाख ३४ हजार, पिउने पानीमा रू. ३ करोड २२ लाख ८४ हजार, पञ्चायतमा रू. ३ करोड १० लाख ६३ हजार र अन्य सामाजिक सेवाहरूमा रू. २ करोड ८६ लाख ४८ हजार खर्च हुने अनुमान गरिएको छ।

आर्थिक सेवाहरूको कुल खर्चमध्ये कृषि र सिचाइमा रू. २० करोड ४५ लाख ६२ हजार, यातायात, विद्युत् तथा सञ्चारमा रू. ४६ करोड ८६ लाख १५ हजार, उद्योग तथा खानीमा रू. १२ करोड ६० लाख ८८ हजार, भूमिसुधार, नापी र वनमा रू. ५ करोड ४८ लाख ७ हजार र अन्य आर्थिक सेवाहरूमा रू. २ करोड २१ लाख ५६ हजार छुट्याइएको छ।

खर्च बेहोर्ने साधनतर्फ यस वर्ष विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणहरूले गर्दा अनिश्चितताको वातावरण भए तापनि राजस्व संकलनतर्फ राम्रो प्रगति भएको छ। प्रत्यक्षकरतर्फ मालपोत बाहेक वर्तमान स्रोत तथा दरबाट नै वार्षिक १५ प्रतिशत वृद्धि हुने अनुमान गरेको छु। यसरी यस स्रोतबाट चालू आर्थिक वर्षमा रू. १५ करोड १५ लाख राजस्व उठ्ने संशोधित अनुमान भएकोमा आगामी वर्ष रू. १६ करोड २ लाख प्राप्त हुने अनुमान गरेको छु। अप्रत्यक्षकरतर्फ पनि भंसार, अन्तःशुल्क र बिक्रीकरबाट चालू आर्थिक वर्ष रू. ४४ करोड ६८ लाख प्राप्त हुने संशोधित अनुमान भएकोमा रू. ५० करोड ८ लाख प्राप्त हुने अनुमान गरेको छु। यसै गरी अन्य स्रोतहरूमा पनि वन र ब्याज तथा लाभांश शीर्षक अन्तर्गत राजस्वको राम्रो संकलन भइरहेकोले आगामी वर्ष यो स्रोतहरूबाट पनि उल्लेखनीय रूपले वृद्धि हुने अनुमान गरेको छु। यस प्रकार आगामी वर्षमा सबै स्रोतहरूबाट गरी जम्मा रू. ८४ करोड ८३ लाख ६० हजार प्राप्त हुने अनुमान गरेको छु।

विदेशी सहायता अन्तर्गत विदेशी अनुदान रू. ३३ करोड ७४ लाख ३८ हजार प्राप्त हुने र विदेशी ऋण रू. २४ करोड ३७ लाख ५ हजार प्राप्त हुने अनुमान गरिएको छ। यस प्रकार बहुपक्षीय र द्विपक्षीय विदेशी सहायताद्वारा जम्मा रू. ५८ करोड ११ लाख ४३ हजार प्राप्त हुने अनुमान गरेको छु। यसरी चालू वर्षको तुलनामा आगामी वर्ष वैदेशिक सहायताको रकममा उल्लेखनीय वृद्धि हुने देखेको छु। हाम्रो आर्थिक एवं सामाजिक विकासको प्रयासमा बढी अभिरूचि लिंदै सहायता प्रदान गर्ने सबै मित्रराष्ट्रहरू एवं अन्तर्राष्ट्रिय संघ संस्थाप्रति श्री ५ को सरकारको तर्फबाट कृतज्ञता प्रकट गर्दछु।

यसरी साधारण र विकास गरी जम्मा रू. १ अरब ७४ करोड ८ लाख ६१ हजार खर्च हुने अनुमान गरिएकोमा साधनतर्फ राजस्वको वर्तमान स्रोतबाट र विदेशी सहायताबाट गरी जम्मा रू. १ अरब ४२ करोड ६५ लाख ३ हजार प्राप्त हुने अनुमान गरेकोले रू. ३१ करोड १३ लाख ८८ हजार न्यून हुन आएको छ। अब म यो न्यून कसरी पूर्ति गर्न लागेको छु त्यसतर्फ माननीय सदस्यहरूको ध्यान आकर्षित गर्न चाहन्छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्तमान आर्थिक स्थिति तथा मूल्य स्थितिको सन्दर्भमा हाम्रो आकांक्षा अनुरूप विकास गर्न विगत वर्षको तुलनामा आन्तरिक साधनको बढी मात्रामा परिचालन गर्नु पर्ने स्थिति भएको कुरा मैले अघि नै स्पष्ट गरिसकेको छु। तर यसको लागि करको दरमा वृद्धि गर्नुभन्दा पहिले वर्तमान स्रोतहरूबाट नै के कति वृद्धि गर्न सकिन्छ भन्ने बारे स्वभावतः मेरो ध्यान गएको छ। यस सम्बन्धमा चालू आर्थिक वर्षमा राजस्व प्रशासन सुदृढीकरणबाट रू. १ करोड ५० लाख थप राजस्व प्राप्त गर्ने अनुमान गरिएकोमा त्यसभन्दा बढी सङ्कलन हुने भएकोले पनि म बढी आशावादी भएको छु। आगामी वर्षमा पनि राजस्व प्रशासन सुदृढीकरणमा अझ बढी जोड दिई मालपोत बक्यौता रहेका रकमहरू दृढताका साथ असूल उपर गर्नुको साथै आयकर, बिक्रीकर, अन्तःशुल्क र भंसार प्रशासनलाई सबल बनाई रू. ३ करोड ६० लाख थप राजस्व प्राप्त गर्ने अनुमान गरेको छु।

धान चामलको निकासी संस्थागत गर्ने नीति बारे अगि उल्लेख गरिसकें। देशमा करीब १४ लाख मेट्रिक टन चामल वार्षिक उत्पादन हुने र करीब ३ लाख टन देशबाट निर्यात हुने गरेको हालसालै गरिएको सर्वेक्षणबाट जानकारी भएको छ। केही वर्षदेखि खासगरी गत दुई वर्ष यता विश्वका विभिन्न मुलुकहरूमा खाद्यान्न उत्पादनमा ह्रास भएकोले अप्रत्याशित रूपले मूल्यमा वृद्धि भइरहेको छ। हाल व्यक्तिगत तवरले जोसुकैले पनि चामल निर्यात गर्न पाउने व्यवस्था भएकोले राजस्वमा ठूलो हानी भइरहेको छ। प्रथमतः व्यक्तिगत तवरले निकासी गर्न पाउने हुँदा आधिकारिक तवरले बढीमा १ लाख मेट्रिक टनभन्दा बढी निर्यात भएको देखिन्न जबकि देशबाट कुनै वर्ष पनि कमसेकम २ लाख मेट्रिक टनभन्दा कम निकासी नभएको हालको सर्वेक्षणबाट देखिन्छ। यस प्रकार हालको दरमा झण्डै रू. ७०।८० लाख भसार राजस्वमा हानी भइरहेको छ। त्यस्तै अन्तःशुल्कमा पनि कमै राजस्व प्राप्त भएको छ। मुख्यतः हाल केही वर्षदेखि भारतमा चामलको मूल्य अत्यधिक वृद्धि भइरहेकोले चामल निर्यातकर्ताहरूलाई निकासीको २५ प्रतिशत चामल लेवी बुझाएर पनि प्रशस्त नाफा हुन्छ। यसबाट आयकर मात्र कमसेकम २ करोड प्राप्त हुनु पर्नेमा नगण्य रकम प्राप्त भएको छ। तसर्थ आगामी वर्षको सार्ग १ देखि व्यक्तिगतरूपले निकासी गर्न नपाउने व्यवस्था गरी चामल निर्यात गर्ने संस्था स्थापना गर्ने व्यवस्था गरिनेछ। यसरी देशबाट निर्यात हुने चामल संस्थागत गरी आगामी वर्षमा भंसारबाट थप राजस्व २० लाख, अन्तःशुल्कबाट १५ लाख, आयकरबाट १ करोड ५० लाख र लाभांशबाट रू. २० लाख गरी जम्मा रू. २ करोड ५ लाख उठाउने अनुमान गरेको छु।

देशको विभिन्न आवश्यकताहरू परिपूर्ति गर्न र विभिन्न उद्देश्यहरू प्राप्तिको लागि सरकारी क्षत्रमा धेरै संस्थानहरू स्थापना भइसकेका छन्। यिनीहरूमा सरकारी लगानी निक्कै भएको छ। यी संस्थानहरूको [illegible] सुधार हुँदै आएको छ। कैयन संस्थान र कम्पनीहरू

लाभांश दिन सक्ने स्थितिमा पुगेका छन् । यी संस्थानहरूको व्यवस्थापन तथा आर्थिक स्थिति बारे अध्ययन पनि गराएको थिएँ। ती अध्ययनको आधारमा आगामी वर्ष यी संस्थानहरूको सुधार गरी लाभांशको रूपमा १ करोड ६ लाख थप राजस्व प्राप्त गर्ने अनुमान गरेको छु।

यसरी कर परिवर्तन नगरी हालकै स्रोतबाट रु. ६ करोड ६३ लाख ८८ हजार थप राजस्व प्राप्त गर्न लागेको छु ।

अब म प्रत्यक्ष कर प्रस्तावहरू पेश गर्दछु। चालू वर्ष कृषिबाट हुने आय समेत अरू स्रोतबाट भएको आयमा जोडी आय निर्धारण गर्ने हिसाब गर्दा एक व्यक्ति, दम्पती वा परिवारलाई १० बिगहा वा सो बराबरको जग्गाको आयलाई छुट दिई त्यसभन्दा बढी जग्गाको आय मात्र जोडी खुद आय निर्धारण गर्ने गरिएकोमा आगामी वर्ष १० बिगहा वा सो बराबरको सट्टा ५ बिगहा वा सो बराबरको जग्गाको आयलाई मात्र छुट दिई त्यसभन्दा बढी जग्गाबाट हुने आयमा अरू स्रोतबाट कुनै आय भए सो समेत जोडी आयकर असूल गरिनेछ । आगामी वर्ष देहायबमोजिम खेतीको खुद आय निर्धारण गरिनेछ ।

खेतीको खुद आय निर्धारण

| जग्गाको किसिम | खुद आय प्रति बिगहा |
|---|---|
| अबल | रु. ६०० |
| दोयम | रु. ४५० |
| सीम | रु. ३०० |
| चाहार | रु. १५० |

यस परिवर्तनबाट करीब १० लाख थप राजस्व प्राप्त हुने अनुमान छ।

आयकर दरको सम्बन्धमा व्यक्ति र फर्मको निमित्त कर नलाग्ने सीमा रु. ३,०००।– सम्म, विवाहिता दम्पतीको निमित्त रु. ४,५००।-सम्म र परिवारको निमित्त रु. ६,०००।– सम्म भएको हुँदा उपल्लो सीमाको लागि व्यक्ति विवाहिता हुन खोज्ने, दम्पती सन्तानको लागि चाहना राख्ने गर्दा जनसंख्या वृद्धिको विस्फोटनमा यो पनि एक कारण नहोस् भन्ने उद्देश्यले व्यक्ति र फर्मलाई कर नलाग्ने सीमा रु. ३,०००।– बाट बढाई रु.४,५००।– गरेको छु। विवाहिता दम्पतीको सीमा हाल रु. ४,५००।– भएकोमा रु. ६,०००।– सम्मको आयमा कर नलाग्ने गरी सीमा निर्धारण गरेको छु। परिवारको सम्बन्धमा साविकबमोजिम रु. ६,०००।– कै सीमा कायम गरिएको छ। हालसम्म लकडीमा विदेशी ठेकदारहरूलाई आयकर छुट भई आएकोले यसबाट स्वदेशी र विदेशी ठेकदारहरू बीच असमान व्यवहार भइरहेकोले आगामी वर्षदेखि विदेशी ठेकदारहरूलाई पनि आयकर लाग्ने व्यवस्था गरेको छु। तर लकडीका विदेशी ठेकदारको खुद आय निर्धारण गर्दा ठेक रकमको १५ प्रतिशतका दरले खुद आय कायम गरी कर लगाइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यसबाट रू. १० लाख थप राजस्व प्राप्त हुने अनुमान छ। तर व्यक्ति, फर्म र दम्पतीको आयकर नलाग्ने सीमा बढाइएको र घरजग्गा बहाललाई आयकरबाट अलग गरी छुट्टै कर प्रस्ताव गर्ने भएकोले आयकरमा भएको परिवर्तनबाट राजस्वमा कुनै विशेष फरक पर्ने छैन। अरू आयकर दर सबै यथावतै कायम गरेको छु।

घरजग्गा बहालबाट हुने आय अन्य स्रोतबाट हुने आयमा समावेश गरी आयकर निर्धारण गर्ने गरिएकोमा आगामी वर्षदेखि घरजग्गा बहालबाट हुने आयलाई आयकरबाट अलग गरी घरजग्गा बहाल कर निम्नबमोजिमको दरबाट असूल उपर गरिनेछ। छुटको सीमा निर्धारण गर्दा व्यक्ति वा दम्पती (वैवाहिक सम्बन्ध कायम रहेका पति–पत्नी) वा छुट्टिएको वा नछुट्टिएको नाबालक छोरा–छोरीलाई एकै एकाई कायम गरिनेछ।

घरजग्गा बहाल करको दर

| वार्षिक बहालको रकम | करको दर प्रतिशत |
|---|---|
| रू ३,०००।– सम्म | केही नलाग्ने |
| त्यसपछिको रू. ५,०००।– सम्म | १० प्रतिशत |
| ,, रू. ५,०००।– सम्म | १५ प्रतिशत |
| ,, रू. ५,०००।– सम्म | २० प्रतिशत |
| ,, रू. ५,०००।– सम्म | २५ प्रतिशत |
| ,, रू. ५,०००।– सम्म | ३० प्रतिशत |
| ,, रू, १०,०००।– सम्म | ४० प्रतिशत |
| ,, रू. १०,०००।– सम्म | ५० प्रतिशत |
| ,, जतिसुकैमा | ६० प्रतिशत |

यसबाट करीब रू. २० लाख थप राजस्व प्राप्त हुने अनुमान छ।

समाजका विभिन्न वर्गहरूमा रहेको असमानता घटाउने वित्तीय उपायलाई प्रभावकारी उपाय मानिने गरिएको छ र यसको प्रयोग भई नै रहनु पर्दछ भन्ने मेरो धारणा छ। तसर्थ ठूलठूला शहरी घरजग्गा हुनेहरूबाट राजस्व उठाउन र यसतर्फ लगानी निरुत्साहित गर्न शहरी घरजग्गामा आगामी वर्षदेखि साबिकबमोजिम रू. ५०,०००।– छुट दिई त्यसपछिको ५०,०००।– मा साबिकै सरह रू. ५ प्रतिहजार, त्यसपछिको रू. २,००,०००।– मा पनि साबिकै सरह रू. १० प्रतिहजार तर त्यसपछिको रू. २,००,०००।– मा रू. २० प्रतिहजार र त्यसपछिको जतिसुकैमा रू. २५ प्रतिहजारको दरले घरजग्गा कर लगाइनेछ। कर निर्धारण गर्दा दम्पती, छुट्टिएको वा नछुट्टिएको नाबालक छोरा–छोरी समेतको स्वामित्वमा रहेका सम्पूर्ण घरजग्गालाई एक एकाई मानी कर लगाइनेछ। यसबाट करीब रू. ५ लाख थप राजस्व प्राप्त हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अब उप्रान्त शहरी क्षेत्रको घरजग्गा तथा यस प्रयोजनको लागि शहरी क्षेत्र भनी घोषित गरिएको क्षेत्रको घरजग्गा राजीनामा गरेको लिखतमा आयन्दा रजिष्ट्रेशन दस्तूर निम्नबमोजिम लाग्नेछ।

| बिक्री अङ्क | राजीनामा |
|---|---|
| १) रु. २५,००० सम्म | ७ प्रतिशत |
| २) रु. २५,००० देखि माथि रु. ५०,००० सम्म | ८ प्रतिशत |
| ३) रु. ५०,००० देखि माथि रु. १,००,००० सम्म | ९ प्रतिशत |
| ४) रु. १,००,००० देखि माथि रु. ५,००,००० सम्म | १० प्रतिशत |
| ५) रु. ५,००,००० देखि माथि | १२ प्रतिशत |

अरु रजिष्ट्रेशन दस्तूर साविकबमोजिम कायम गरिएको छ। यसबाट रु. ४० लाख जति थप राजस्व उठ्ने अनुमान छ।

अन्तर्राष्ट्रिय यात्रुलाई हवाई उडान कर रु. १५।– प्रति व्यक्ति लगाई आएकोमा आगामी वर्षदेखि रु. २०।– लगाइनेछ। साथै श्री ५ को सरकारले तोकेको दुर्गम क्षेत्रमा बाहेक अन्य क्षेत्रमा हवाई यात्रा गर्ने आन्तरिक यात्रुलाई पनि रु. ५।– प्रति व्यक्ति हवाई कर लगाउने प्रस्ताव गरेको छु। यसबाट रु. १० लाख राजस्व उठ्ने अनुमान गरेको छु।

कार, जीप, मिनिबस, भ्यानमा बी. एच्. पी. को आधारमा सवारी कर लागी आएकोमा आगामी वर्षदेखि सी. सी. को आधारमा देहायबमोजिम सवारी साधन कर लगाइनेछ।

| सवारी साधन | | वार्षिक कर |
|---|---|---|
| १,३०० सी. सी. सम्मको | (कार, जीप, मिनिबस, भ्यान) | रु. २।– प्रति १० सी. सी. |
| १,३०१ सी. सी. देखि २००० सी. सी. सम्मको | " | रु. २।५० प्रति १० सी. सी. |
| २,००१ सी. सी. देखि २९०० सी. सी. सम्मको | " | रु. ३।– प्रति १० सी. सी. |
| २,९०१ देखि बढी सी. सी. को | " | रु. ४।– प्रति १० सी.सी. को |

अन्य सवारी साधनमा सवारी कर यथावत् कायम गरिएको छ। यसबाट राजस्वमा केही वृद्धि हुने अनुमान छ।

अधिराज्यका केही जिल्लाहरुमा आँझो जग्गालाई खर्चरीको नामबाट आफ्नो नाममा दर्ता गराई ग्रामीण जनताहरुबाट चरन रकम, पुच्छर रकम, गोठ रकम, आदि विभिन्न नाममा रकम उठाउने गरिआएका छन्। फलस्वरुप यो नै पशुपालन गर्ने व्यक्तिहरुमाथि अनुचित शोषण गर्ने उपाय भइरहेको छ। तसर्थ यस किसिमको व्यवस्था कायम रहन दिनु समयोचित नहुने हुँदा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्चरीका वर्तावालहरूलाई मनासिब मुआवजा दिई यस्ता जग्गा सबै अधिकरण गरिनेछ। साथै यस्ता जग्गालाई चरनको लागि मात्र उपयोग गर्न पाउने गरी स्थानीय पञ्चायतलाई जिम्मा लगाइनेछ। उक्त व्यवस्था लागू भएपछि यस्तो जग्गामा हाल लागिआएको मालपोत छुट दिइनेछ।

मालपोत सहित बाँकी अरू प्रत्यक्ष करको दर यथावत् कायम गरिएको छ। यसप्रकार प्रत्यक्ष कर परिवर्तनबाट आगामी आर्थिक वर्षमा जम्मा रू. ७५ लाख उठ्ने अनुमान गरेको छु।

मैले माथि प्रस्ताव गरेको प्रत्यक्ष करबाट मात्र आवश्यक मात्रामा साधन उपलब्ध हुन नसक्ने भएकोले अप्रत्यक्ष करमा पनि भर पर्नु पर्ने भएको छ। तर अप्रत्यक्ष कर लगाउँदा अनावश्यक उपभोग घटाउने, अप्रत्याशित लाभको केही अंश प्राप्त गर्ने र मुख्यतः राजस्व वृद्धि गर्ने उद्देश्य राखेको छु।

अन्तःशुल्कको सम्बन्धमा स्वास्थ्यलाई हानिकारक ठहरिएको धूम्रपान छोड्न नसक्ने महानुभावहरूबाट केही बढी राजस्व उठाउने विचार गरेको छु। तदनुसार प्रतिहजार रू. २०।– सम्म पर्ने चुरोटमा रू. १५।, रू. ३५।– सम्म पर्नेमा रू. २०।, रू. ५०।– सम्म पर्नेमा रू. २५।– र रू. १००।– सम्म पर्नेमा रू. ३०।– र रू. १००।– भन्दा बढी पर्नेमा रू. ४०।– अन्तःशुल्क लगाइनेछ। यसबाट रू. २ करोड ३५ लाख राजस्व प्राप्त हुनेछ। यसै गरी बीडीमा पनि प्रतिहजार रू. १।७५ अन्तःशुल्क लिई आएकोमा अब रू. २।– प्रतिहजारको दरले लगाइनेछ। यसबाट पनि थप रू. ६ लाख राजस्व बढ्ने अनुमान छ।

चामल मिलहरूको उत्पादनमा आर्थिक वर्ष २०२५।२६ देखि केही परिवर्तन भएको छैन। यस बीच यी वस्तुहरूको मूल्यमा धेरै फरक परिसकेको छ। यसकारण अबदेखि चामल मिलहरूको उत्पादनमा प्रति किलोग्राम १ पैसाको सट्टा २ पैसा प्रति किलोग्रामका दरले अन्तःशुल्क उपर गरिनेछ। २५ अश्वशक्ति चालितसम्मको चामल मिलको सम्बन्धमा लगाई आएको समदर (फ्लाट रेट) आगामी वर्षदेखि १ देखि १० अश्वशक्तिसम्म रू. ४००।–, १० देखि माथि १८ अश्वशक्तिसम्म रू. १०००।– र अतिरिक्त हलरको रू. ४८०।– र १८ देखि माथि २५ अश्वशक्ति सम्म रू. १,५००।– र अतिरिक्त हलरको रू. ६००।– का दरले समदर (फ्लाट रेट) कायम गरी असूल उपर गरिने छ। यसबाट थप रू. २५ लाख प्राप्त हुने अनुमान छ।

हाम्रो जूट मिलहरूको उत्पादनमा पनि धेरै वर्षदेखि अन्तःशुल्कमा परिवर्तन भएको छैन। अन्य जूट उत्पादन गर्ने देशका जूट मिलहरूको दाँजोमा हाम्रो जूट मिलहरूको उत्पादनमा लागेको अन्तःशुल्क कम नै छ। यसैले यसमा पनि केही कर वृद्धि गर्न लागेको छु। अब हेसियनमा रू. २००।– प्रति मेट्रिक टन र बोरामा रू. १००।– प्रति मेट्रिक टनको दरले अन्तःशुल्क सङ्कलन गरिनेछ। यी परिवर्तनबाट रू. २ लाख थप राजस्व प्राप्त हुनेछ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डिष्टिलरीबाट उत्पादन हुने उच्चस्तरको रक्सीमा एल्. पी. लिटर रू. १५।– लागी आएकोमा अब प्रति एल्. पी. लिटर रू. २०।– का दरले अन्तःशुल्क लगाइनेछ। यसबाट करीब रू. ८ लाख थप प्राप्त हुने अनुमान छ।

सुर्तीको खेती बढ्दै गएको र हाम्रो चुरोट कारखानाहरूबाट त्यसको प्रयोग बढाउँदै लगेको हुँदा यसबाट पनि केही राजस्व प्राप्त गर्न आवश्यक सम्झी चुरोट कारखानाले खरीद गर्ने सुर्तीमा रू. १०।– प्रति के. जी. मोल पर्नेमा प्रति के. जी. ।५० पैसा त्यसभन्दा बढी मोल पर्नेमा रू. १।– प्रति के. जी. अन्तःशुल्क लगाइएको छ। यसबाट रू. ४ लाख थप राजस्व प्राप्त हुनेछ।

निर्माणमा स्वदेशी वस्तुहरूको प्रयोगलाई प्रोत्साहन दिन अबदेखि काठ र ईंटाको उत्पादनमा अन्तःशुल्क हटाइएको छ। यसबाट अन्तःशुल्कमा केही घटन जानेछ।

बिक्रीकरतर्फ दर्तावाला बिक्रेतासंग बिक्रीको आधारमा र अन्यसंग पैठारीको अवस्थामा बिक्रीकर असूल गर्ने गरी आएकोमा आइन्दा बिक्रीकर लाग्ने मालसामान उत्पादन गर्ने फ्याक्टरीबाट बिक्री हुँदाको अवस्थामा र विदेशबाट पैठारी हुनेकोमा सो मालको भंसार महसूल असूल गरिएको अवस्थामा बिक्रीकर असूल गरिनेछ।

भंसारतर्फ देशबाट निर्यात हुने सुन्तला, जूनार, आलु, बाल्ने दाउरा, चीर, देवदार, सल्लो, सखुवा, गुटेल जस्ता गोलिया काठ, वल्लावल्ली जातका काठहरू इत्यादिमा भंसार महसूल वृद्धि गरेको छु। पीनाको निर्यात महसूल प्रति किलोग्राम एक पैसा लागेकोमा त्यसलाई बढाई पाँच पैसा गरेको छु। देशका सम्पन्न तथा धनी वर्गहरूले उपभोग गर्ने वस्तुहरूमा मुख्य साधन मोटरकार भइरहेको छ। यसैले कारको आयातमा भंसार महसूल साइज अनुसार १० देखि ३० प्रतिशतसम्म वृद्धि गरेको छु। तर बस, ट्रक, लहरी जस्ता सार्वजनिक यातायातका साधनहरूमा हाल ३३ प्रतिशत भंसार महसूल भएकोमा त्यसलाई घटाई २५ प्रतिशत मात्र पैठारी महसूल लगाइनेछ। देशको घरेलु उद्योगलाई प्रोत्साहन गर्न कपडा बुन्ने उद्योगलाई चाहिने केही धागोहरूमा भंसार महसूल घटाई १ एक प्रतिशत मात्र राखिएको छ।

भारतबाट ए. आर्. बन्. फर्म अन्तर्गत आयात गर्न प्रोत्साहित गर्ने बैंक कर्जा सुविधामा पनि सहूलियत दिने व्यवस्था भएको छ। यस बाहेक आयात–निर्यात महसूल दरबन्दीमा सामान्य हेरफेर भएको कुरा अनुसूचीमा देखाएको छु। भारतबाट ए. आर्. बन्. फाराम अन्तर्गत आयात गरिने पेट्रोलियम पदार्थमा भारतीय अन्तःशुल्क लागी आउने गरेकोमा अब भारतीय कुनै कर नलागी पेट्रोलियम पदार्थ बण्डेड ष्टकबाट आयात गर्ने व्यवस्था भएको छ। यसैले यी पदार्थहरूको भंसार दरबन्दी कायम गरी छुट्टै अनुसूची थप गरिएको छ। प्रस्तावित भंसार दरबन्दीको हेरफेरबाट रू. ५० लाख थप राजस्व प्राप्त हुने अनुमान छ।

पानीपोत र धारा महसूल कर नभई सेवा पुर्‍याए बापतको शुल्क मात्र भएकोले आर्थिक ऐनमा समावेश गर्न आवश्यक नदेखिएकोले आगामी वर्षदेखि समावेश गरिने छैन। यो

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पोत र महसूल सम्बन्धित विभागहरूबाटै आवश्यक व्यवस्था गरी असूल उपर गरिने छन्। केही सिचाइ आयोजनाहरू पूरा हुने स्थितिमा भएको र खानेपानीको सेवा पनि विस्तार हुँदै गएको हुनाले यस स्रोतबाट राजस्वमा रु. १९ लाख ८८ हजार थप प्राप्त हुने अनुमान छ।

आयसम्बन्धी कारोबारका कागजहरूमा आय टिकट दस्तूर लगाउनु पर्ने व्यवस्था भइरहेकोमा आय टिकट नटाँसेको कागजको कानूनी मान्यतासम्म नहुने भएकोले आयसम्बन्धी कारोबारमा धेरैले आय टिकट नटाँस्ने गरेकोले अब उप्रान्त आय टिकट टाँस्नु पर्ने कागजातमा टिकट नटाँसेमा सो कागजात गैर कानूनी हुनुको साथै नटाँस्नेलाई सजाय हुने पनि व्यवस्था गरिने-छ। यसबाट केही थप राजस्व प्राप्त हुनेछ।

विद्युत् उत्पादनमा हाल पाँच पैसा प्रति यूनिट रोयल्टी लगाई आएकोमा आगामी वर्षदेखि प्रति यूनिट साढे सात पैसाका दरले असूल उपर गर्ने व्यवस्था गरेको छु। यसबाट रु. १५ लाख थप आय हुने अनुमान छ।

बाँकी अरू सबै करहरू यथावत् कायम गरिएको छ।

प्रस्तावित कर परिवर्तनबाट रु. ४ करोड २० लाख प्राप्त हुने अनुमान छ। यसप्रकार कर प्रशासन सुधारबाट ४ करोड ८८ लाख ८८ हजार, धान चामल संस्थागत योजनाबाट रु. २ करोड ५ लाख र कर परिवर्तनबाट रु. ४ करोड २० लाख प्राप्त हुने अनुमान भएकोले जम्मा रु. ११ करोड १३ लाख ८८ हजार थप राजस्व प्राप्त हुने अनुमान छ। आगामी वर्ष आन्तरिक ऋण रु. २० करोड उठाउने प्रस्ताव गरेको छु। अगाडि उल्लेख गरेको आय-व्ययको न्यून रु. ३१ करोड १३ लाख ८८ हजार उक्त थप राजस्व र आन्तरिक ऋणबाट बेहोरिने भई आगामी वर्षको आय-व्यय सन्तुलित गर्ने व्यवस्था गरेको छु।

229

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५

परिवर्त्य विदेशी मुद्राको आय र व्ययको विवरण अब म पेश गर्दछु। आगामी वर्षको अनुमान पेश गर्न अगाडि यो वर्षको संशोधित अनुमान बारे उल्लेख गर्दछु। चालू वर्ष रू. ३५ करोड ७५ लाख आर्जन हुने अनुमान गरिएकोमा रू. ४४ करोड ७४ लाख २५ हजार बराबरको विदेशी मुद्रा आर्जन हुने देखिएको छ। अनुमानभन्दा बढी आर्जन मुख्यतः पर्यटनबाट रू. ३ करोड र विदेशी लगानीबाट रू. ३ करोड ३५ लाख जति बढी प्राप्त हुने देखिएबाट हो। व्ययतर्फ रू. ४३ करोड ३६ लाख ५० हजार हुने अनुमान भएकोमा रू. २८ करोड ८७ लाख ११ हजार मात्र खर्च हुने संशोधित अनुमान छ। यसरी खर्चतर्फ अनुमानभन्दा रू. १४ करोड ५२ लाख ३६ हजार कम हुने भएबाट विदेशी मुद्राको आय–व्ययको कुल हिसाब रू. १५ करोड ८७ लाख १४ हजारले आधिक्य हुने देखिन्छ।

आगामी वर्ष परिवर्त्य विदेशी मुद्राको आय रू. ४६ करोड पुग्ने अनुमान छ। पर्यटन उद्योगबाट विदेशी मुद्राको आर्जन तीव्र दरले बढ्न लागेको छ। आगामी वर्ष यस स्रोतबाट रू. १२ करोड प्राप्त हुने अनुमान छ। हाम्रो विदेशमा रहेको लगानीलाई समयानुकूल विस्तृतीकरण गरी यसबाट पनि बढी आम्दानी आर्जन गर्ने व्यवस्था भएको छ। हुनत अहिले अन्तर्राष्ट्रिय मुद्रा बजारले पनि यसमा अनुकूल असर पारेको छ।

२०३१–३२ को लागि परिवर्त्य विदेशी मुद्राको खर्च रू. ५८ करोड ७३ लाख पुग्ने अनुमान गरिएको छ। यसमा मुख्यतः विकास सामग्रीलाई रू. २५ करोड र उपभोग्यवस्तुहरूलाई रू. २० करोडको व्यवस्था गरिएको छ। मैले अगाडि व्यक्त गरे अनुसार आगामी वर्ष प्रस्तावित रकम खर्च गर्ने ठोस आधारहरू तयार गरिएका छन्। अतः मलाई विश्वास छ विदेशी मुद्राको सञ्चयबाट मुद्रा प्रदायलाई बढाउन नदिने मात्र होइन यसको सदुपयोगद्वारा आवश्यक उपभोगका वस्तुहरूको आपूर्ति तथा विकास सामग्रीहरूको उपलब्धि समयमा गराई मूल्यलाई नियन्त्रण गर्न र विकास कार्यक्रम अझ सुचारुरुपले सञ्चालन गर्न सफल हुनेछौं।

२२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६

प्रस्तुत बजेटलाई मैले विकासको चुनौती र वर्तमान आर्थिक स्थितिले सिर्जना गरेको गम्भीर समस्या दुबैलाई व्यावहारिक रूपमा मुकाबिला गर्ने माध्यम सम्झेको छु । आज विकास कार्यक्रम र बजेटको स्वरूपमा हैन तिनको सारमा परिवर्तन चाहिएको छ । यसको तर्जुमामा मात्र हैन सही कार्यान्वयनमा बढी लगनशीलताको आवश्यकता छ । विगत वर्षहरूमा विभिन्न क्षेत्रहरूमा महत्वपूर्ण उपलब्धिहरू हामीले प्राप्त गरेका छौं तापनि आज हाम्रो अगाडि कायम रहेका बहुसंख्यक आर्थिक समस्याहरू हाम्रो लक्ष्य र वास्तविक सोचाइ एवं कार्यान्वयनको बीच रही आएको दूरीको प्रतिबिम्ब हो भन्न कर लाग्छ । आजको आर्थिक संकटमा हताश हुने हैन एकत्रित भएर सामना गर्ने शक्तिको आवश्यकता छ । यो परिस्थितिमा आज नेपाल जस्तो विका- सोन्मुख देशले आफ्नो आर्थिक र सामाजिक लक्ष्यहरूको परिकल्पना गर्दा ठूलो सोचाइ होइन वास्तविक सोचाइको आवश्यकता परेको छ । विकासको ढाँचामा आज बढी मौलिकता अनिवार्य भइसकेको छ । सानै भए पनि परिपक्व र आफूले गर्न सक्ने मात्र काम थाल्ने प्रवृत्ति बसाल्न परेको छ । वृहत् सोचाइ, लामो अवधिसम्म फल नपाइने र पराधीनता बढ्दै जाने कृत्रिम अर्थ व्यवस्थाको सिर्जनाबाट देश अगाडि बढ्दैन बरु पछाडि हट्छ भन्ने कुरालाई अवलम्बन गर्नु परेको छ । आर्थिक क्षेत्रमा जति हामी अरूको भर पर्दै जान्छौं उति नै हाम्रो महंगी र अभावका समस्या चर्कंदै जाने हुँदा आत्मनिर्भर बन्ने दिशा पहिल्याउने निर्देशन बक्सँदै श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भएको छ, "हामीले प्रत्येक देशवासीलाई गाँस, बास र लुगा पुऱ्याउन बढी अन्न उब्जाऔं, इँट, टायल जस्ता स्वदेशी निर्माण सामग्रीहरूको उत्पादन बढाऔं, बढी वृक्षारोपण गरौं र स्वदेशी कपडा उद्योगलाई अधि बढाऔं, यही नै आजको माग छ ।" मौसूफको यस आह्वानले हाम्रो सोचाइमा आउन पर्ने परिवर्तन र राष्ट्र निर्माणको अभियानमा हुनपर्ने स्थानीय साधन र सीपको प्राधान्यलाई स्पष्टरूपमा औंल्याएको छ ।

वर्तमान समस्याहरूको मुकाबिला गर्न बजेटले अनुकूल वातावरणको सृजना गर्नेछ भन्ने कुरामा म विश्वस्त छु । तर म आज यो कुरामा जोड दिन चाहन्छु कि आजका सबै आर्थिक प्रवृत्तिको निराकरण केवल श्री ५ को सरकारको प्रयासबाट सम्भव छैन । उदाहरणको लागि मूल्य वृद्धिलाई नै लिउँ जसको चापबाट बच्न श्री ५ को सरकारले अपनाएको योजनाबाट मात्र सबै सम- स्याको समाधान हुन सक्तैन । कृषितर्फ सरकारी साधनले भ्याएसम्म जल, मल र बीउ जस्ता कुराको व्यवस्था गर्ने उत्तरदायित्व श्री ५ को सरकारको हो तर आफूमा निहित क्षमता, क्रियाशी- लता, साधन र श्रमको परिचालन गरेर कृषि उत्पादन वृद्धि गर्ने प्रत्यक्ष अभिभारा कृषक वर्गकै हो । त्यस्तै उद्योगतर्फ आजसम्म पनि हामीले मामुली दैनिक उपभोगका वस्तुहरूको लागि पनि अरूकै भर पर्नुपर्ने स्थिति यथावत् रहन गएमा नेपाली उद्योगपतिले पनि गर्व गर्ने ठाउँ रहँदैन । यसैगरी आफ्नो देशभित्रै उत्पादन हुने वस्तुहरूको बिक्री-वितरण सन्तोषजनक रूपमा हुन नसक्नु व्यापारी वर्गको लागि शोभनीय कुरा होइन ।

आधिकारिकृती मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एकातिर अनुत्पादक कुरामा हुने खर्चको कटौती र अर्कोतिर आर्थिक प्रशासन सुदृढीकरणबाट बढी राजस्व परिचालन गर्ने उद्देश्य राखी प्रस्तुत गरेको यस सन्तुलित बजेटले मुद्रा प्रदायमा वृद्धि एवं मुद्रा स्फीति नियन्त्रण गर्ने श्री ५ को सरकारको अठोट प्रतिबिम्बित गरेको छ भन्ने समस्त नेपाली जनता र खासगरी उच्च आय वर्गको समुदायले पनि जिम्मेवारी वहन गर्नु परेको छ। फजूल खर्ची र सामाजिक कार्यहरूमा पनि नचाहिंदो कुराहरूमा खर्च गरी आ-आफ्नो बड्प्पन देखाउन खोज्नु विभिन्न आर्थिक समस्याले ग्रस्त हाम्रो जस्तो मुलुकमा कसैलाई पनि सुहाउने कुरा होइन। यस किसिमको आचार पद्धतिले नेपाली जनताको रहन सहनको स्तरमा रहेको असामान्य असमानता र नेपालको आर्थिक समस्या उत्पादनको कमी मात्र नभई वितरण पद्धतिको त्रुटि पनि हो भन्ने तथ्यलाई प्रदर्शन गर्न मात्र सफल भएको छ। वास्तवमा शोषणरहित समाजको सृजना गर्ने उद्देश्य लिई अगाडि बढिरहेको पञ्चायती व्यवस्थामा वितरण पद्धतिमा सुधार गरी सामाजिक न्याय कायम गर्नेतर्फ श्री ५ को सरकार सदा जागरूक रहिआएको छ। प्रस्तुत बजेटले त्यस दिशातर्फ औंल्याएको छ। आउँदो वर्षहरूमा यस महान् उद्देश्यलाई सफलीभूत पार्न बढी प्रभावकारी कदमहरू अपनाउन श्री ५ को सरकार तत्पर रहनेछ।

हाम्रा उद्देश्यहरु प्राप्तिको लागि प्रशासनको ठूलो भूमिका रहन्छ। हाम्रो प्रशासन यन्त्रले विगत वर्षहरूमा समय समयमा आइपरेको समस्याहरूको साहसपूर्वक सामना गर्दै आइरहेको कुरा सर्वविदितैछ। विगत केही वर्ष यता श्री ५ को सरकारको प्रशासकीय यन्त्रलाई निष्पक्ष र नियमितरूपबाट काम गर्न सक्षम तुल्याउने धेरै प्रयासहरू गरिएका छन् जुन क्रमबाट यसको क्षमतामा वृद्धि भइरहेको छ र हुँदै जानेछ। आजका चुनौतीहरूको सामना गर्ने जुन प्रकारको असाधारण आँट, लगनशीलता, कार्यकुशलता र इमानदारीको आवश्यकता छ सो दर्शाउन हाम्रा प्रशासकीय अधिकृतहरू पछि पर्ने छैनन् भन्ने कुरामा म विश्वस्त छु।

आजको अवस्थाले आर्थिक समझदारी, अनुशासन र राष्ट्रिय दृष्टिकोणको माग गर्दछ। मैले व्यक्त गरेका भावनाहरु र प्रस्तुत बजेटमा अपनाइएका नीतिहरू र तिनको सही कार्यान्वयनबाट हामी संकटबाट उम्कन सक्ने र विकासको पथमा लम्कने आकांक्षा राखेको छु। यसको आवश्यक पृष्ठभूमि खडा गर्ने र कार्यान्वयनमा टेवा दिने कार्यमा देशका विभिन्न तहमा नेतृत्व दिन पञ्च साथीहरूको सक्रिय योगदान हुने नै छ।

228

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खर्च बेहोर्ने स्रोतहरूको संक्षिप्त विवरण

रु. हजारमा

| २०२९।३० को यथार्थ | खर्च | २०३०।३१ को संशोधित अनुमान | २०३१।३२ को अनुमान |
|---|---|---|---|
| ९८,२७,९६ | कुल खर्च | १,३०,९७,७३ | १,७४,०८,९१ |
| ३७,४२,३७ | साधारणतर्फ | ४९,८३,३५ | ५८,७५,३५ |
| ६०,८५,५९ | विकासतर्फ | ८१,१४,३८ | १,१५,३३,५६ |
| | **खर्च बेहोरिने स्रोतहरू** | | |
| ६१,५८,२६ | राजस्वबाट | ७२,९४,२० | ९५,९७,४८ |
| | आयको वर्तमान स्रोतबाट | | ८४,८३,६० |
| | कर प्रशासनको सुधारबाट | | ६,९३,८८ |
| | कर प्रस्तावबाट | | ४,२०,०० |
| १८,०२,५७ | विदेशी सहायता | २१,७२,०६ | ३३,७४,३८ |
| १६,७४,०० | द्वि पक्षीय | २०,१३,३१ | ३०,३०,६४ |
| १,२८,५७ | बहु पक्षीय | १,५८,७५ | ३,४३,७४ |
| -१८,६७,१३ | बचत(+)वा न्यून(-) | -३६,३१,४७ | -४४,३७,०५ |
| | **न्यून पूर्तिगर्ने स्रोतहरू** | | |
| ४,७३,७८ | विदेशी ऋण | १०,६८,९३ | २४,३७,०५ |
| २,२१,८६ | द्वि पक्षीय | ४,२७,०३ | ११,०१,२६ |
| २,५१,९२ | बहु पक्षीय | ६,४१,९० | १३,३५,७९ |
| ५,००,०० | आन्तरिक ऋण | १०,००,०० | २०,००,०० |
| ८,९३,३५ | नगद मौज्दात(बचत-) | १५,६२,५४ | × |

१२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## बिदेशी सहायता

रु. हजारमा

| २०२९।३० को यथार्थ | स्रोतहरू | २०३०।३१ को संशोधित अनुमान | २०३१।३२ को अनुमान |
|---|---|---|---|
| | **द्वि पक्षीय** | | |
| १६,७४,०० | जम्मा | २०,१३,३१ | ३०,३०,६४ |
| ८,४९,३७ | भारत | ११,२७,०० | १३,३९,४८ |
| २,४३,१५ | जनवादी गणतन्त्र चीन | ३,४३, ० | ४,४०,०० |
| ४,१३,४५ | संयुक्त राज्य अमेरिका | ३,१८,५५ | ६,४६,९५ |
| १,४८,१७ | संयुक्त अधिराज्य | १,९५,७६ | १,६५,२६ |
| × | संघीय जर्मन गणतन्त्र | × | १,१३,०० |
| १९,८६ | अन्य | २९,०० | ३,२५,९५ |
| | **बहु पक्षीय** | | |
| १,२८,५७ | जम्मा | १,५८,७५ | ३,४३,७४ |
| १,२०,०० | यू. एन्. डी. पी. | १,२५,०० | १,४८,६२ |
| ८,५७ | अन्य | ३३,७५ | १,९५,१२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## बाह्य ऋण

रु. हजारमा

| २०२९।३० को यथार्थ | ऋण | २०३०।३१ को संशोधित अनुमान | २०३१।३२ को अनुमान |
|---|---|---|---|
| | **द्वि पक्षीय** | | |
| २,२१,८६ | जम्मा | ४,२७,०३ | ११,०१,२६ |
| × | संयुक्त राज्य अमेरिका | × | २,००,०० |
| १,४८,१७ | संयुक्त अधिराज्य | १,९५,७६ | १,६५,२६ |
| × | सोभियत रूस | × | १,४०,०० |
| ७३,६९ | क्यानाडा | १,९६,२७ | × |
| × | संघीय जर्मन गणतन्त्र | × | ४,८८,०० |
| × | डेनमार्क | ३५,०० | × |
| × | अन्य | × | १,०८,०० |
| | **बहु पक्षीय** | | |
| २,५१,९२ | जम्मा | ६,४१,९० | १३,३५,७९ |
| १,६६,४० | एशियाली विकास बैंक | ४,९२,९० | ७,४६,८७ |
| ८५,५२ | विश्व बैंक | १,४९,०० | ५,८८,९२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# राजस्व अनुमान

## २०३१।३२

रु. हजारमा

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | कर प्रशासन सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | कुल जम्मा | ८४,८३,६० | ४,२०,०० | ६,९३,८८ | ९५,९७,४८ |
| १ | भन्सार | | ३१,०५,०० | ५०,०० | ६०,०० | ३२,१५,०० |
| | | (क) निकासीबाट | २,५०,०० | ३०,०० | ४०,०० | ३,२०,०० |
| | | (ख) पैठारीबाट | १६,२५,०० | २०,०० | २०,०० | १६,६५,०० |
| | | (ग) भारतबाट अन्तःशुल्क फिर्ता | १२,००,०० | × | × | १२,००,०० |
| | | (घ) विविध | ३०,०० | × | × | ३०,०० |
| २ | अन्तःशुल्क | | ८,४५,०० | २,८०,०० | ४५,०० | ११,७०,०० |
| | | (क) ठेक्का रकम | २,२०,०० | × | × | २,२०,०० |
| | | (ख) औद्योगिक उत्पादन | ६,१०,०० | २,८०,०० | ४५,०० | ९,३५,०० |
| | | (ग) विविध | १५,०० | × | × | १५,०० |
| ३ | मालपोत | | ८,००,०० | × | २,०५,०० | १०,०५,०० |
| | | (क) रैकर | ८,००,०० | × | २,०५,०० | १०,०५,०० |
| ४ | वन | | ६,१५,२० | × | × | ६,१५,२० |
| | | (क) लकडी बिक्री | ६,००,०० | × | × | ६,००,०० |
| | | (ख) शिकार तथा रोयल्टी | २० | × | × | २० |
| | | (ग) विविध | १५,०० | × | × | १५,०० |
| ५ | कर | | १६,६०,०० | ३५,०० | २,३५,०० | १९,३०,०० |
| | | (क) आयकर | ३,५०,०० | × | २,००,०० | ५,५०,०० |
| | | (ख) मनोरञ्जन कर | ५०,०० | × | × | ५०,०० |
| | | (ग) शहरी क्षेत्रको घरजग्गा | १५,०० | ५०० | १०,०० | ३०,०० |
| | | (घ) सवारी कर | ७६,०० | × | × | ७६,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | कर प्रशासन सुधारबाट | जम्मा |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | (ङ) हवाई उडान कर | १५,०० | १०,०० | × | २५,०० |
| | | (च) होटेल कर | ३०,०० | × | × | ३०,०० |
| | | (छ) ठेक्का कर | ४६,०० | × | × | ४६,०० |
| | | (ज) बिक्री कर | १०,५८,०० | × | २५,०० | १०,८३,०० |
| | | (झ) मोटर कर | २०,०० | × | × | २०,०० |
| | | (ञ) घरबहाल कर | × | २०,०० | × | २०,०० |
| ६ | रजिष्ट्रेशन | | २,३५,३० | ४०,०० | × | २,७५,३० |
| | | (क) घरजग्गा | २,२०,०० | ४०,०० | × | २,६०,०० |
| | | (ख) फाराम रजिष्ट्रेशन | ३,०० | × | × | ३,०० |
| | | (ग) एजेन्सी रजिष्ट्रेशन | ३० | × | × | ३० |
| | | (घ) बन्दुक पिस्तोल रजिष्ट्रेशन | १,०० | × | × | १,०० |
| | | (ङ) सवारी लाइसेन्स | ११,०० | × | × | ११,०० |
| ७ | सिंचाइ पानी | | ३४,१० | × | १९,८८ | ५३,९८ |
| | | (क) पानी पोत | १०,०० | × | ९,८८ | १९,८८ |
| | | (ख) धारा महसूल | २४,१० | × | १०,०० | ३४,१० |
| ८ | सञ्चार | | ७२,०० | × | × | ७२,०० |
| | | (क) हुलाक | ७२,०० | × | × | ७२,०० |
| ९ | यातायात | | ३५,०० | × | × | ३५,०० |
| | | (क) हवाई | २५,०० | × | × | २५,०० |
| | | (ख) विविध | १०,०० | × | × | १०,०० |
| १० | विद्युत् | | ५६,०० | १५,०० | × | ७१,०० |
| | | (क) न्वायल्टी | ४०,०० | १५,०० | × | ५५,०० |
| | | (ख) अन्य | १६,०० | × | × | १६,०० |
| ११ | साँवा ब्याज तथा लाभांश | | ८,२०,०० | × | १,२९,०० | ९,४९,०० |
| | | (क) कम्पनी कर्पोरेशन-लाई दिएको ऋणको ब्याज | ९४,०० | × | × | ९४,०० |

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन-बाट | कर प्रशासन सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | (ख) सरकारी कर्मचारीलाई दिएको ऋणको ब्याज | २,०० | × | × | २,०० |
| | | (ग) शेयर लगानी | ६,१०,०० | × | १,२६,०० | ७,३६,०० |
| | | (घ) कम्पनी कर्पोरेशनलाई दिएको ऋण फिर्ता | १,०२,०० | × | × | १,०२,०० |
| | | (ङ) सरकारी कर्मचारीलाई गएको ऋण फिर्ता | १२,०० | × | × | १२,०० |
| १२ | निजामती प्रशासन | | १,३३,०० | × | × | १,३३,०० |
| | | (क) न्याय | ३२,०० | × | × | ३२,०० |
| | | (ख) शिक्षा | २,०० | × | × | २,०० |
| | | (ग) स्वास्थ्य | ७,०० | × | × | ७,०० |
| | | (घ) पशु तथा मत्स्य पालन | १०,०० | × | × | १०,०० |
| | | (ङ) सूचना तथा प्रसार | २,०० | × | × × | २,०० |
| | | (च) विविध | ८०,०० | × | × | ८०,०० |
| १३ | विविध | | ७३,०० | × | × | ७३,०० |
| | | (क) पासपोर्ट र भिसा | २१,०० | × | × | २१,०० |
| | | (ख) अभियान रवायल्टी | २,०० | × | × | २,०० |
| | | (ग) अरू फुटकर | ५०,०० | × | × | ५०,०० |

30

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# आर्थिक वर्ष २०२९।३० को यथार्थ र २०३०।३१ को संशोधित

## राजस्व अनुमान

रु. हजारमा

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०२९।३० को यथार्थ | २०३०।३१ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कुल जम्मा | ६१,५८,२६ | ७२,९४,२० |
| १ | भन्सार | | २३,८१,९७ | २८,४५,०० |
| | | (क) निकासीबाट | १,६४,१५ | २,०५,०० |
| | | (ख) पैठारीबाट | १३,१३,७१ | १४,२५,०० |
| | | (ग) भारतबाट अन्तःशुल्क फिर्ता | ८,५१,२४ | ११,७५,०० |
| | | (घ) विविध | ५२,८७ | ४०,०० |
| २ | अन्तः शुल्क | | ६,७७,५७ | ७,३३,०० |
| | | (क) ठेक्का रकम | १,७५,६० | १,९०,०० |
| | | (ख) औद्योगिक उत्पादन | ४,७४,३२ | ५,२५,०० |
| | | (ग) कृषि उत्पादन | १५,७५ | × |
| | | (घ) विविध | ११,९० | १८,०० |
| ३ | मालपोत | | ७.४४,५२ | ८,००,०० |
| | | (क) रैकर | ७,४४,५२ | ८,००,०० |
| ४ | वन | | ३,५२,०० | ५,१७,१५ |
| | | (क) लकडी बिक्री | ३,३७,१४ | ५,००,०० |
| | | (ख) शिकार तथा न्वायल्टी | १५ | १५ |
| | | (ग) विविध | १४,७१ | १७,०० |
| ५ | कर | | १२,०७,७६ | १४,२५,०० |
| | | (क) आय कर | २,३३,७५ | २,९०,०० |
| | | (ख) मनोरञ्जन कर | ३७,३९ | ४९,०० |
| | | (ग) शहरी क्षेत्रको घर-जग्गा | ९,४५ | ११,०० |
| | | (घ) सवारी कर | ५५,५३ | ६५,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०२९।३० को यथार्थ | २०३०।३१ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | (ङ) हवाई उडान कर | १३,०४ | १३,१० |
| | | (च) होटेल कर | १५,१२ | २३,०० |
| | | (छ) ठेक्का कर | ४०,२५ | ३९,०० |
| | | (ज) बिक्री कर | ७,९८,२० | ९,२०,०० |
| | | (झ) मोटर कर | ५,०३ | १४,९० |
| ६ | रजिष्ट्रेशन | | १,९९,२६ | २,१३,२० |
| | | (क) घरजग्गा | १,८६,४२ | २,००,०० |
| | | (ख) फाराम रजिष्ट्रेशन | १,४१ | २,०० |
| | | (ग) एजेन्सी रजिष्ट्रेशन | १,१० | २० |
| | | (घ) बन्दूक पिस्तोल रजिष्ट्रेशन | ५० | १,०० |
| | | (ङ) सवारी लाइसेन्स | ९,८३ | १०,०० |
| ७ | सिचाइ पानी | | १३,४२ | २३,६० |
| | | (क) पानी पोत | २२ | ३,६० |
| | | (ख) धारा महसूल | १३,२० | २०,०० |
| ८ | सञ्चार | | ६०,५८ | ६६,०० |
| | | (क) हुलाक | ६०,५८ | ६६,०० |
| ९ | यातायात | | २९,११ | २८,०० |
| | | (क) हवाई | २०,४१ | २१,०० |
| | | (ख) विविध | ८,७० | ७,०० |
| १० | विद्युत् | | ३२,७१ | ३४,०० |
| | | (क) रोयल्टी | ५,९६ | २०,०० |
| | | (ख) अन्य | २६,७५ | १४,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०२९।३० को यथार्थ | २०३०।३१ को संशोधित अनुमान |
|---|---|---|---|---|
| ११ | साँवा । ब्याज तथा लाभांश | | २,८९,३३ | ३,७६,७५ |
| | | (क) कम्पनी कर्पोरेशनलाई दिएको ऋणको ब्याज | १४,९१ | ६२,०६ |
| | | (ख) सरकारी कर्मचारीलाई दिएको ऋणको ब्याज | ७,४८ | ३,५० |
| | | (ग) शेयर लगानी | १,९२,३६ | २,१२,०० |
| | | (घ) कम्पनी कर्पोरेशनलाई गएको ऋण फिर्ता | ६१,२८ | ८२,४९ |
| | | (ङ) सरकारी कर्मचारीलाई गएको ऋण फिर्ता | १३,३० | १६,७० |
| १२ | निजामती प्रशासन | | १,३२,५६ | १,२३,५० |
| | | (क) न्याय | २८,६१ | ३०,०० |
| | | (ख) शिक्षा | ९,४५ | २,०० |
| | | (ग) स्वास्थ्य | ५,९० | ६,०० |
| | | (घ) पशु तथा मत्स्य पलन | १०,३४ | ९,०० |
| | | (ङ) सूचना तथा प्रसार | ५६ | १,५० |
| | | (च) विविध | ७७,७० | ७५,०० |
| १३ | विविध | | ३७,४७ | १,०९,०० |
| | | (क) पासपोर्ट र भिसा | १९,०० | २०,०० |
| | | (ख) अभियान स्वामस्टी | २,८२ | २,०० |
| | | (ग) अरू फुटकर | १५,६५ | ८७,०० |

33

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# व्यय अनुमान
## ( साधारण बजेट )

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२९।३० को यथार्थ | २०३०।३१ को संशोधित अनुमान | २०३१।३२ को अनुमान |
|---|---|---|---|---|---|
| १ संवैधानिक अङ्गहरू | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६५,२७ | ६४,६३ | ६८,२९ |
| | १–२ | राजसभा | २,७१ | ३,११ | ३,७७ |
| | १–३ | राष्ट्रिय पञ्चायत | ६३,४७ | ३५,१६ | ३१,०८ |
| | १–४ | महालेखा परीक्षकको विभाग | २०,५६ | १८,८४ | १९,३७ |
| | १–५ | सर्वोच्च अदालत | १२,२२ | ११,७२ | ९,०१ |
| | १–६ | लोक सेवा आयोग | १३,४५ | १७,६२ | २१,२० |
| | १–७ | निर्वाचन आयोग | २०,०२ | २१,६२ | २३,३२ |
| २ साधारण प्रशासन | २–१ | मन्त्रिपरिषद् | १५,०२ | १६,७६ | २२,८७ |
| | २–२ | श्री ५ को सरकारको सचिवालय | १,५९,१२ | १,२४,१७ | १,४५,४६ |
| | २–३ | जिल्ला प्रशासन | १,२६,८० | १,४०,६२ | १,६६,०१ |
| | २–४ | प्रहरी | ३,२९,६४ | ३,९९,२० | ५,५३,४७ |
| | २–५ | कारागार | ५९,८३ | ६७,९५ | ८८,२५ |
| | २–६ | विविध | ३८,०५ | ३२,२६ | ९६,६१ |
| | २–७ | प्रशासन सुधार | ९,०० | १६,०० | ६,०० |
| ३ राजस्व प्रशासन | ३–१ | मालपोत | ५१,५१ | ७७,७८ | ८७,६१ |
| | ३–२ | भन्सार | ३९,६२ | ४२,७४ | ५५,११ |
| | ३–३ | अन्तःशुल्क | १५,३२ | २१,३५ | २५,३४ |
| | ३–४ | कर | १९,५९ | २१,२१ | २९,३८ |
| | ३–५ | राजस्व न्यायाधिकरण | १,६० | १,४३ | ४,८७ |
| ४ आर्थिक प्रशासन र योजना | ४–१ | योजना | × | ७,१८ | ७,७८ |
| | ४–२ | तथ्याङ्क | १५,९० | १७,७९ | १४,८७ |
| | ४–३ | टक्सार | २२,४२ | २४,७३ | ३५,८९ |
| | ४–४ | महालेखापाल कार्यालय | ९,९० | १३,३५ | १७,५१ |
| | ४–५ | मेट्रिक नापतौल | २,३० | ६,४० | ४,६८ |

आधिकारिकतौ मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२९।३० को यथार्थ | २०३०।३१ को संशोधित अनुमान | २०३१।३२ को अनुमान |
|---|---|---|---|---|---|
| ५ | ५–१ | अदालत | ५८,३३ | ७४,८३ | १,०४,७४ |
| न्याय प्रशासन | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | २,७१ | २,९९ | ३,८० |
| ६ | ६–१ | वैदेशिक सेवा | १,२५,१४ | १,३०,२४ | १,५६,९० |
| वैदेशिक सेवा | ६–२ | विविध | ३८,२३ | ३५,३८ | ५२,२५ |
| ७ रक्षा | ७–१ | रक्षा | ६,८५,३७ | ८,३१,६५ | ९,७२,७६ |
| ८ | ८–१ | शिक्षा | ३,३५,७८ | ३,९६,७० | ६,३४,२७ |
| सामाजिक | ८–२ | स्वास्थ्य | १,६१,०८ | २,४२,२५ | ३,०७,५६ |
| सेवाहरू | ८–३ | पिउने पानी | १२,३२ | १६,९५ | २१,६५ |
| | ८–४ | पञ्चायत | १,२२,९२ | १,३२,३९ | १,८६,०५ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | ९५,९३ | १,२१,६७ | १,६७,७४ |
| ९ | ९–१ | कृषि | ५५,७३ | ७२,५४ | १,०७,६४ |
| आर्थिक | ९–२ | सिचाइ | १६,४३ | १८,०९ | २४,१४ |
| सेवाहरू | ९–३ | भूमिसुधार | ४१,६४ | ५०,८३ | ६१,१४ |
| | ९–४ | नापी | १२,४३ | १७,२९ | २०,२४ |
| | ९–५ | वन | ३६,८६ | ३७,९९ | ५५,७० |
| | ९–६ | उद्योग तथा खानी | १५,७९ | १५,२५ | १९,०२ |
| | ९–७ | सञ्चार | ९२,७३ | १,३४,०९ | २,०५,६७ |
| | ९–८ | यातायात | १,०५,९० | १,७६,१९ | २,२०,६१ |
| | ९–९ | विद्युत् | ३९,३१ | ४९,६७ | ५४,५२ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | ६,०१ | ७,०४ | ८,४० |
| १० ऋण तथा लगानी | १०–१ | ऋण तथा लगानी | ९७,१९ | ९७,६५ | १६,८५ |
| ११ सांवा र ब्याज भुक्तानी | ११–१ | सांवा भुक्तानी | १०,४३ | १,९१,९३ | १,७१,३८ |
| | ११–२ | ब्याज भुक्तानी | १,५४,३० | २,५२,८७ | ३,७७,०७ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२९।३० को यथार्थ | २०३०।३१ को संशोधित अनुमान | २०३१।३२ को अनुमान |
|---|---|---|---|---|---|
| १२ विविध | १२–१ | विशिष्टव्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ३७,५४ | ५३,५१ | ४०,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | ८१,३९ | ८७,०० | ९०,५० |
| | १२–३ | अतिथि सत्कार | १,४३ | ४,५० | ५,०० |
| | १२–४ | आकस्मिक सहायता चन्दा र पुरस्कार | ८६ | ९९ | १,०० |
| | १२–५ | मुआवजा | ३,९३ | ४,९५ | ८,०० |
| | १२–६ | अन्य | १,०६,६२ | १,१२,०० | १,२०,०० |
| | १२–७ | भैंपरिआउने | ७१,७२ | ४,१०,०० | १,२०,०० |
| | | | ३७,४२,३७ | ४६,८३,३५ | ५८,७५,३५ |

३२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## व्यय अनुमान
## (विकास बजेट)

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२९।३० को यथार्थ | २०३०।३१ को संशोधित अनुमान | २०३१।३२ को अनुमान |
|---|---|---|---|---|---|
| २ साधारण प्रशासन | २–७ | प्रशासन सुधार | ११,७४ | १४,४० | ४,२४ |
| ४ आर्थिक प्रशासन र योजना | ४–१ | योजना | ५,१३ | ४८,२१ | ५९,०० |
| | ४–२ | तथ्याङ्क | २३,९१ | ११,६१ | १३,६६ |
| ८ सामाजिक सेवाहरू | ८–१ | शिक्षा | ५,६३,९८ | ७,९६,२५ | ९,३२,८२ |
| | ८–२ | स्वास्थ्य | ३,११,९७ | ३,८८,४९ | ६,२३,३४ |
| | ८–३ | पिउने पानी | १,०७,९७ | १,१३,८० | ३,२२,८४ |
| | ८–४ | पञ्चायत | १,७१,५६ | १,७७,०० | ३,१०,६३ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | ६५,०२ | १,१२,०० | २,८६,४८ |
| ९ आर्थिक सेवाहरू | ९–१ | कृषि | ६,१८,०७ | ९,१४,७३ | ११,३६,५६ |
| | ९–२ | सिंचाइ | ३,४२,५६ | ७,३९,४५ | ९,०९,३६ |
| | ९–३ | भूमिसुधार | ३१,९३ | ३२,६० | १,०८,२९ |
| | ९–४ | नापी | ७७,७५ | ८६,०० | १,४०,८१ |
| | ९–५ | वन | १,३२,२८ | १,८९,८० | २,९८,९७ |
| | ९–६ | उद्योग तथा खानी | ४,९४,६७ | ८,८०,०० | १२,६०,८८ |
| | ९–७ | सञ्चार | ९२,२१ | १,७४,१३ | १,३२,९६ |
| | | (क) हुलाक | (१३,०६) | (२९,१३) | (२७,७१) |
| | | (ख) दूर सञ्चार | (७९,१५) | (१,४५,००) | (१,०५,२५) |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२९।३० को यथार्थ | २०३०।३१ को संशोधित अनुमान | २०३१।३२ को अनुमान |
|---|---|---|---|---|---|
| | ९–८ | यातायात | २७,२८,६१ | २९,२१,६० | ३७,४३,९२ |
| | | (क) सडकहरू | (१७,३५,९६) | (२१,५८,८५) | (२९,३२,३६) |
| | | (ख) पूलहरू | (१,०७,११) | (१,७९,००) | (२,९८,११) |
| | | (ग) हवाई | (८,८५,५४) | (५,८३,७५) | (५,१३,४५) |
| | ९–९ | विद्युत् | १,४९,५५ | ३,६०,०० | ८,०९,२७ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | ९१,१४ | ७१,७५ | २,२१,५६ |
| १२ विविध | १२–६ | अन्य | १६,२५ | २२,५६ | १,५७,९७ |
| | १२–७ | भैपरिआउने | ४९,२९ | ६०,०० | ६०,०० |
| | | | ६०,८५,५९ | ८१,१४,३८ | १,१५,३३,५६ |

आधिकारिकिता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# परिवर्त्य विदेशी विनिमयको
## आय-व्यय विवरण

रू. हजारमा

| क्रम संख्या | शीर्षक | २०२९।३० को यथार्थ | २०३०।३१ को संशोधित अनुमान | २०३१।३२ को अनुमान |
|---|---|---|---|---|
| | आय | ३७,५१,८१ | ४४,७४,२५ | ४९,००,०० |
| १ | अदृश्य निर्यात | १४,९७,६४ | २२,८५,०० | २६,००,०० |
| | (क) निवृत्तभरण र तलब | (४,५०,४३) | (६,००,००) | (६,००.००) |
| | (ख) लगानीको ब्याज | (५,०२,३८) | (७,८५,००) | (८,००,००) |
| | (ग) पर्यटन | (५,४४,८३) | (९,००,००) | (१२,००,००) |
| २ | मालसामानको निर्यात | १५,२१,८९ | १३,६२,०० | १४,००,०० |
| ३ | कूटनैतिक नियोगहरू | १,४६,१६ | २,१३,०० | २,२०,०० |
| ४ | विदेशी सहायता (अनुदान तथा ऋण) | ३,४६,७२ | ३,३५,२५ | ४,००,०० |
| ५ | विविध | २,३९,४० | २,७९,०० | २,८०,०० |
| | व्यय | २६,१५,८० | २८,८७,११ | ५८,७३,०० |
| १ | अदृश्य आयात | ३,०३,१४ | ७,०४,९५ | ७,००,०० |
| २ | मालसामानको आयात | २०,३७,४९ | १८,००,०० | ४५,००,०० |
| | (क) विकास सामानहरू | (४,३९,६८) | (८,००,००) | (२५,००,००) |
| | (ख) उपभोग्य सामानहरू | (१५,९७,८१) | (१०,००,००) | (२०,००,००) |
| ३ | कूटनैतिक नियोगहरू | १,०६,९२ | १,५४,७८ | १,९८,०० |
| ४ | ऋण मोचन कोष | ३०,०० | ६२,६४ | २,७५,०० |
| ५ | विविध | १,३८,२५ | १,६४,७४ | २,००,०० |
| | बचत (+) घाटा (−) | ११,३६,०१ | १५,८७,१४ | − ९,७३,०० |

आज्ञाले –
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

280

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।